# औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट भएका महत्वपूर्ण  नीतिगत निर्णयहरू

औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको सचिवालय,
उद्योग विभाग,
त्रिपुरेश्वर, काठमाडौं

## विषयसूची


१. काठमाडौं उपत्यकाका नगरपालिकाभित्र स्थापना गर्न पाइने उद्योगहरु (२०५४-०१-२९/ १३२) ........................................ 1

२. PVC Compound, Corrogated Sheet Cut to Length प्रकृतिको उद्योग स्थापना बारे (२०५४-०४-१४/ १३४).......... 3

३. अन्तर्राष्ट्रिय सिमानाबाट उद्योगको दुरी (२०६३-६-३१/ १७९)................................................................................ 4

४. वनस्पति घ्यू तथा तेल उत्पादन गर्ने उद्योग बारे (२०६४-५-२४ / १८१) ..................................................................... 4

६. पेट्रोलियम प्रोडक्ट उत्पादन गर्ने उद्योग बारे (२०६६-०८-३० / १९१)......................................................................... 5

७. इट्टा भट्टाको वनदुरी सम्बन्धमा (२०६८-०६-०९ / १९४)...................................................................................... 6

८. कम्पनीको अधिकृत पूँजी र उद्योगको परियोजनाको कूल लागतमा समाजस्यता सम्बन्धमा (२०६८-०९-२९ / १९५) ............ 6

९. नगरपालिका क्षेत्रमा आयुर्वेदिक औषधी उद्योग स्थापना (२०६९।०१।१२।१९६) ........................................................ 6

१०. लुम्बिनी क्षेत्रमा उद्योग स्थापना बारे (२०६९-४-२६/ १९७)................................................................................... 7

११. क्लिङ्करमा आधारित सिमेण्ट उत्पादन गर्ने उद्योग (२०६९-८-१७ / १९९)............................................................... 8

१२. पान मसला, गुट्खा तथा खाने सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योग सम्बन्धमा (२०७०-१-३१ / २०४ )............................. 8

१३. इट्टा उद्योगको वनदुरी सम्बन्धमा (२०७०-०९-०९ / २०८)........................................................................................ 9

१४. माइक्रोब्रुअरी स्थापना (२०७१-०३-१७/ २१०) ....................................................................................................... 9

१५. वायुयान र वायुयान पाट मर्मत गर्ने कार्यशाला (वर्कशप) सेवा उद्योग दर्ता (२०७१-०६-१०/ २११)............................... 13

१६. नवघोषित तथा विस्तारित नगरपालिका क्षेत्रमा उद्योग स्थापना (२०७१-१०-०५/ २१३) ............................................... 13

१७. सिमेन्ट ब्लक, स्टील स्ट्रक्चर तथा मेटल प्यानल लगायतका सामग्री उत्पादन गर्ने उद्योगको दर्ता सम्बन्धमा (२०७२।०२।३१/ २१५) 14

१८. हब्लाजिग–ज्यागकिल्न (Habla Zig-Zag kiln) प्रविधिको ईटा उद्योग सम्बन्धमा (२०७२-०२-३१/ २१५).................. 14

१९. मदिरा तथा बियर उद्योगको मापदण्ड सम्बन्धमा (२०७२-०६-०१/ २१६) ................................................................. 15

२०. माइक्रोब्रुअरीको वर्गीकरण सम्बन्धमा (२०७२-०६-०१/ २१६)............................................................................... 23

२१. अधिकार प्रत्यात्योजन (इट्टा उद्योग सम्बन्धमा) (२०७२-०६-०१/ २१६) ................................................................. 25

२२. इट्टा उद्योग सम्बन्धमा (२०७२-०६-०१/ २१६)......................................................................................................... 26

२३. मदिराजन्य पदार्थहरुको विक्रि वितरण अनुगमन सम्वन्धी (२०७३-१०-११।२२१)........................................................ 26

२४. उत्पादन मिति र उपभोगको अन्तिम मितिको प्रष्टताका सम्वन्धमा (२०७३-१०-११।२२१)............................................. 26

२५. वन पैदावारमा आधारित उद्योगहरुको वन दुरी सम्बन्धमा (२०७४-१०-२९/ २२४)...................................................... 27

२६. भुसे इटा उद्योगहरुलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्नका लागि म्याद थप सम्बन्धमा (२०७४-१०-२९/ २२४).............. 27

२७. लुम्बिनी क्षेत्र संरक्षणका निम्ति निर्मित बाउण्ड्रीबाट उद्योगस्थलसम्मको दुरी सम्बन्धमा (२०७५-११-२३/२२७)................ 27

२८. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ प्रारम्भ हुनु अघि लगानी स्वीकृति गराएका विदेशी लगानीकर्ताहरूको सन्दर्भमा देखिएको द्विविधा सहजीकरण गर्ने सम्बन्धमा २०७६-०६-१६/२२८) ....................................................................... 27

२९. विदेशी लगानी रहेका उद्योगले नेपाली लगानीकर्तालाई आफ्नो सम्पूर्ण शेयर विक्री गर्दा लेखांकन गर्नुपर्ने सम्बन्धमा(२०७६-९-१४।२२९) ....... 28

३०. अनुमति लिनु पर्ने उद्योगको म्याद थप सम्बन्धमा (२०७७-०२-१३।२३०) ....... 28

३१. फलफूलमा आधारित मदिरा (वाइन तथा साइडर) उत्पादन गर्ने साना उद्योगको दर्ता गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा(२०७७-४-१३।२३१) ....... 28

३२. उद्योगको संचालन म्याद सम्बन्धमा (२०७७-०८-१२।२३२) ....... 28

३३. सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको पूँजी तथा क्षमता वृद्धि सम्बन्धमा (२०७७-०८-१२।२३२) ....... 29

## **१. काठमाडौं उपत्यकाका नगरपालिकाभित्र स्थापना गर्न पाइने उद्योगहरु (२०५४-०१-२९/ १३२)**

१. काठमाडौं उपत्यकाका नगरपालिकाहरु भित्र अनुसूची १ अनुसारका उद्योगहरु मात्र स्थापना गर्न सकिने छ।

२. काठमाडौं उपत्यका भित्र अनुसूची २ मा उल्लेखितNegative List का उद्योगहरु स्थापना गर्न पाईने छैन।

३. काठाडौं उपत्यकाका नगरपालिका बाहेक अधिराज्यका अन्य नगरपालिकाहरुमा अनुसूची ३ मा उल्लेखित Negative List का उद्योगहरु स्थापना गर्न पाइने छैन।

४. औद्योगिक क्षेत्र भित्र प्रदुषण रोकथाम र सुरक्षाका उपायहरुको व्यवस्था गरी सबै किसिमका उद्योगहरु स्थापना गर्न पाइने छ।

५. प्रमुख धार्मिक क्षेत्र नजिकै इजाजत लिनुपर्ने उद्योग स्थापना गर्दा सम्बन्धित गा.वि.स./नगरपालिकाको सिफारिश पेश गर्नुपर्ने छ।

६. यो नीति लागू हुनुभन्दा पहिले इजाजत लिएका वा दर्ता भएका वा संचालनमा रहेको उद्योगहरुले पूँजी तथा क्षमता वृद्धि वा उद्देश्य थप माग गरेमा यो नीति अनुरुप विभागले स्वीकृति दिने।

७. यसभन्दा अगाडी दर्ता भएका वा इजाजत लिएका उद्योगहरु पनि ठाउँसारिको लागि निवेदन दिन आएमा माथि उल्लेख भए अनुसारको सिद्धान्त अनुसार विभागले स्विकृति दिने।

८. यसभन्दा अगाडी इजाजत प्रदान गर्दा उद्योग रहने स्थान नगरपालिका क्षेत्रबाट निश्चित दुरी कायम गरिनुपर्ने गरी राखिएको शर्ता फुकुवा गर्न माग भएमा विभागले फुकुवा गरिदिने।

९. उद्योग संचालन गर्दा उद्योगमा भइरहेको काम कार्वाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाई छलछिमेकलाई बाधा नपुऱ्याउने गरी संचालनगर्नुपर्नेछ।

१०. काठमाडौं उपत्यकाका नगरपालिका क्षेत्रहरुमासंचालनमा रहेका उद्योगहरु नगरपालिकाको एक स्थानबाट नगरपालिकाको अर्को स्थानमा ठाउँसारी गर्न माग गरेका छर छिमेकलाई बाधा नपार्ने शर्तमा सम्बन्धित नगरपालिकाको वडा समिति मार्फत सर्जमिन मुचुल्का समेतको सिफारिश लिइ पूँजी, क्षमता तथा उद्देश्य थप नहुने गरी उद्योगको ठाउँसारी सम्बन्धित विभागले नै गरिदिने।

११. संचालनमा रहेका स्थानको आधारमा नकारात्मक सूचीमा परेका उद्योगहरुले स्वीकृत स्किम बमोजिमका सम्पूर्ण मेशिन उपकरण आयात गरी नसकेको अवस्थामा आयात गर्न बाँकी मेशिन उपकरणको स्किममाउल्लेखित मूल्यमा वृद्धि हुन गै वा उत्पादन क्षमता वृद्धि नहुने गरी मेशिन थप गर्न परेमा उत्पादन क्षमतामा बृद्धि तथा उद्देश्य थप नहुने गरी पूँजी वृद्धि सम्बन्धित विभागले नै गरिदिने।

१२. संचालनमा रहेका स्थानको आधारमा नकारात्मक सूचीमा परेका उद्योगहरुमा पुरानो जडित मेशिन उपकरणको बदला नयाँ मेशिन जडान गर्न माग गरेमा साबिकमा स्वीकृत तथा जडित मेशिनको क्षमता तथा उद्देश्य थप समेत नहुने गरी नयाँ मेशिन जडान गर्न र पूँजी वृद्धी हुने भएमा सम्बन्धित विभागले स्वीकृति दिने।

१३. साविकमा औद्योगिक व्यवसाय भित्र नपर्ने र अन्य निकायबाट इजाजत लिई संचालन भएका व्यवसायहरु हाल औद्योगिक व्यवसाय अन्तर्गत उद्योगको रुपमा दर्ता गरी संचालन गर्न माग गरेका साविकमासंचालन भएको प्रमाण पेश गरेको खण्डमा उक्त व्यवसाय जुन ठाउँमा संचालनभै रहेको छ सोही ठाउँमै संचालन गर्न पाउने गरी विभागले दर्ता गरिदिने।

१४. रुग्ण अवस्थामा रहेको उद्योगहरुले उद्योगमा थप पूँजी वृद्धि गरी क्षमता वृद्धि तथा विविधिकरण गरी साविककै ठाउँमा संचालन गर्न चाहेमा यस प्रकारको केशकमा उद्योगको वास्तविक स्थिति बुझि औचित्य हेरी पूँजी तथा क्षमता वृद्धि र विविधिकरण गर्न सम्बन्धित उद्योगको केशको आधारमा औ.प्र. बोर्डमा पेश गर्ने।

## अनुसूची १

**काठमाडौं उपत्यकाका नगरपालिकाहरुमा स्थापना गर्न सकिने नयाँ उद्योगहरु**

क) घरेलु उद्योग

- परम्परागत घरेलु उद्योग (ग्रामीण ट्यानिङ्ग बाहेक)

ख) पर्यटन उद्योग

- ट्राभल एजेन्सी
- ट्रेकिङ्ग एजेन्सी
- होटेल रिसोर्ट, रेष्टुरेण्ट

ग) उत्पादनमूलक उद्योग

- खाद्य प्रशोधन (बढीमा रु. दुई लाखसम्मको मेशिनरी भएको) –मीटप्रोसेसिङ बाहेक
- इलेक्ट्रोनिक जडान उद्योग
- मैनबत्ती उद्योग (बढीमा रु. १ लाखसम्मको मेशिनरी भएको)
- स्टेशनरी उद्योग (कागजबाट बन्ने मसलन्द सामानहरुः बढीमा रु. १ लाखसम्म मेशिनरी भएको)
- काठको फर्निचर उद्योग (ब्याण्डसः राख्न नपाइने र बढीमा रु. पचास हजारसम्मको मेशिनरी भएको)
- उनी धागो कताई (हाते चर्खाबाट)
- रेग्जीनकाव्याग उद्योग (बढीमा रु. एक लाखसम्म मेशिनरी भएको)
- छालाका तयारी सामान (बढीमा रु. एक लाखसम्म मेशिनरी भएको)
- आयुर्वेदिक औषधी उद्योग (बढीमा रु. पचास हजारसम्म मेशिनरी भएको)

घ) निर्माण उद्योग

- फ्लाइ ओभर ब्रीज
- कार्यालय, व्यापारिक र आवसियकम्प्लेक्स
- ट्रलि बस सेवा (वर्कशप र ग्यारेज हुने भएमा नगरपालिका बाहिर हुनु पर्ने)

ङ) सेवा उद्योग

निम्नलिखित सेवा उद्योगहरु काठमाडौं उपत्यकाका नगरपालिकाहरुमा स्थापना गर्न पाइने छैन।

- मझौला तथा ठूला रासायनिक प्रयोगशाला उद्योग
- कार्यशाला (वर्कशप रु. दुई लाखभन्दा बढी मेशीन भएको)
- कट टुलेन्थसिट्स, स्ट्रिप्स र ट्यूब
- चिया, घरायसी मसला, चिनी, मैदा,नून, दाल आदि खाद्य वस्तुहरुप्याकिंग गर्ने उद्योग बाहेकका रिप्याकिङउद्योगहरु
- चलचित्र व्यवसाय अन्तर्गतको प्रशोधन गर्ने प्रयोगशाला
- वासिङ्ग, डाइङ्गप्लाण्ट, कपडा छपाई (टेक्सटाइल प्रिन्टिङ)
- कोल्डस्टोरेज

## अनुसूची २

**२. काठमाडौं उपत्यका भित्र स्थापना गर्न नपाइने उद्योगहरु**

| Sector | Pollution: Parameters |
|---|---|
| Tannery | Chromium Sulphides High BOD, Sodium, Odour |

| | |
|---|---|
| Chemical Fertilizer | Ammonia, $NH_4Cl$, SiF4 NOx from Ammonium Nitrate Reactor |
| Cement | Particulate (Dust) CO, $SO_x$, $NO_x$ |
| Steel Melting & Foundry (medium & large) | Hydrocarbons, Aldehydes, Ketones, Carbon Monoxide fumes, Smokes, $SO_x$, $NO_x$ spent pickle liquor -Acidic |
| Pulp & Paper (except traditional handmade paper & small-scale recycling plant) | Sulphite waste liquor with calcium bisulphite liquor white water effluent |
| Caustic Soda Chemical Manufacturing Industries | Mercury from caustic soda production many acidic and alkali wastes |
| Oil refineries Petroleum Product (Petrol, Diesel, Kerosene, Lubricant, Furnace oil etc) | Oil & Grease, Hydrocarbon, phenols fatty acit & Nitrogen Compounds and Sulphur compounds, fire hazardous |
| Dyeing (medium & large) | Alkali wastes from dyestuff high pH, high BOD |
| Acid Manufacturing | Acidic wastes |
| Mermentation, distillation & Blending (distillery & Beer) | Odour, High BOD & high COD |
| Electroplating & Galvanization (medium & large) | High pH, BOD, Oil & greases metals, phenols & organic |
| Smelting Ferrous & non ferrous (medium & large) | Particulate matters (dust) |
| Sugar Production and Khandasari | Odour, High pH, BOD, COD |
| Rubber Processing (tube & tyre manufacturing) | High pH, COD, Sulphide, Oil & Grease |
| Paints Industries (medium & large) | |
| Bleaching powder | |

**अनुसूची ३**

३. काठमाडौं उपत्यकाका नगरपालिकाहरु बाहेक अन्य नगरपालिकाहरुमा स्थापना गर्न नपाइने उद्योगहरु

क) अनुसूची २ मा उल्लेखित उद्योगहरु

ख) रोडा ढुंगा उद्योगहरु

## २. PVC Compound, Corrogated Sheet Cut to Length प्रकृतिको उद्योग स्थापना बारे (२०५४-०४-१४/ १३४)

- प्लाष्टिक स्क्रापस आयातमा वाणिज्य मन्त्रालयबाट प्रतिबन्ध लगाई सकेको हुँदा प्लाष्टिक स्क्रापस कच्चा पदार्थको रुपमा आयात गरि उत्पादन गर्ने उद्योगलाई अनुमति दिन उपयुक्त नहुने।
- परिवत्य विदेशी मुद्रामा कच्चा पदार्थ आयात गरी उत्पादित वस्तु निकासी गर्ने खालको PVC Compound, Corrogated Sheet, copper, Alluminium scrap बाट इनगट उत्पादन गर्ने तथा Cut to Length प्रकृतिको

सीमित प्रक्रिया मात्र भएको उद्योगको सम्बन्धमा कच्चा पदार्थ आयातमा लागेको विदेशी मुद्रा भन्दा २० प्रतिशत मूल्य अभिवृद्धि हुने उद्योगलाई दर्ता गर्न स्वीकृति दिन उपयुक्त हुने।

## ३. अन्तर्राष्ट्रिय सिमानाबाट उद्योगको दुरी (२०६३-६-३१/ १७९)

औद्योगिक प्रवर्द्धन बोर्डको २७६ औं वैठकबाट अन्तर्राष्ट्रय सिमानाबाट ८ कि.मि. भित्र स्थापना गर्न सकिने उद्योगहरुको सम्बन्धमा समयानुकुल पुनरावलोकन गर्न गठित समितिले दिएको सिफारिश सम्बन्धी प्रस्तावमा छलफल हुँदा देहायका उद्योगहरुलाई अन्तर्राष्ट्रय सिमानाबाट ५ (पाँच) कि.मि. वाहिर मात्र स्थापना गर्न दिने र अन्य उद्योगहरुको हकमा अन्तर्राष्ट्रय सिमानाबाट ८ कि.मि.दूरी सम्बन्धी प्रावधान नराख्ने निर्णय भयो।

१. मझौला तथा ठूला स्तरका उत्पादनमूलक उद्योग
२. कूल खपत हुने कच्चा पदार्थको ५० प्रतिशत भन्दाकम स्वदेशी कच्चा पदार्थ खपत हुने साना स्तरका उत्पादनमूलक उद्योग
३. वनपैदावारमा आधारित उद्योगहरु
४. हात हतियार, खरखजाना सम्बन्धी उद्योग
५. वियर तथा मदिरा उत्पादन उद्योग
६. वनस्पति घ्यू तथा तेल उद्योग
७. नेपाल–भारत व्यापारका नकारात्मक सूचिमा परेका उद्योग

## ४. वनस्पति घ्यू तथा तेल उत्पादन गर्ने उद्योग बारे (२०६४-५-२४ / १८१)

वनस्पति घ्यू तथा तेल उत्पादन गर्ने उद्योगले माग गरेको क्षमता वृद्धि तथा नयाँ दर्ता स्वीकृतिको लागि पेश हुन आएको प्रस्ताव उपर छलफल हुँदा हाल चीन तथा तिव्वततर्फको निकासी वृद्धि भईरहेको, स्थानिय खपतमा समेत वृद्धि भैरहेको र मुलुकले अगींकार गरेको खुला तथा उदार आर्थिक नीतिको परिवेशलाई समेत दृष्टिगत गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

(क) क्षमता वृद्धि गर्न माग भएको सम्बन्धमा उद्योगको वर्तमान स्वीकृत क्षमता, जडित क्षमता, यथार्थ उत्पादन, वार्षिक विक्री परिमाण आदिको प्राविधिक सहितको टोलीबाट स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन समेतको आधारमा अधिकतम वार्षिक १०,००० मे.टन भन्दा बढि थप नहुने गरी क्षमता वृद्धि गरि दिने।

(ख) नयाँ उद्योगहरु दर्ता गर्न हालसम्म परेका आवेदन सम्बन्धमा संभाव्यता एवम क्षमता हेरी वार्षिक अधिकतम १०,००० मे.टन सम्म उत्पादन क्षमता राखी दर्ता गरिदिने।

## ५. लुम्बिनी क्षेत्रमा उद्योग स्थापना (२०६६-०८-१२ / १९०)

विश्व सम्पदा सूचीमा सूचीकृत पर्यटकीय तथा धार्मिक महत्वको स्थान लुम्बिनी वरिपरि स्थापना हुने उद्योगहरुले लुम्बिनी क्षेत्रलाई प्रदुषित वनाउंदै गएकोले उक्त क्षेत्रमा स्थापित उद्योगहरु वन्द गर्नुपर्ने तथा नयाँ उद्योगहरु स्थापना गर्न अनुमति तथा दर्ता प्रदान नगर्ने माग सहित लुम्बिनी विकास कोष, त्यस क्षेत्रमा कार्यरत संघ, संस्था तथा सम्बद्ध अन्य

नियकायहरुबाट व्यापक माग भई रहेको सन्दर्भमा लुम्बिनी क्षेत्रमा स्थापित उद्योगहरुबाट भैरहेको प्रदुषणको असर, रोकथामका उपाय र उक्त क्षेत्रमा नयाँउद्योगहरु स्थापना गर्न दिने/नदिने, भई रहेको उद्योगहरुको सन्दर्भमा कस्तो व्यवस्था गर्ने वारे स्थलगत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न औद्योगिक प्रवर्द्धन वोर्डको १८४ औं वैठकबाट अध्ययन टोली गठन भएकोमा उक्त टोलीबाट दिएका सुझाव सहितका आधारमा लुम्बिनी क्षेत्रको संरक्षणको लागि वातावरणमा परेको गम्भीर प्रभावलाई कसरी निकारकरण गर्ने भन्ने सम्बन्धमा सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने गरी निर्णय भयो।

(क) लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित वाउण्ड्रीको दक्षिण तर्फ भोरतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तर तर्फ वाउण्ड्रीदेखि १५ कि.मि. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ वाँया ८०० मि. भित्र लघु, घरेलु तथा कुटीर उद्योग वाहेक अन्य नयाँ उद्योग स्थापना गर्न नदिने।

(ख) माथि उलेखित लुम्बिनी क्षेत्रको १५ कि.मि. भित्र यस भन्दा अघि दर्ता भई संचालित उद्योगहरुको उद्योग स्थानान्तरण तथाप्रदुषण नियन्त्रण सम्बन्धमा प्रदुषण निष्काशन गर्ने उद्योगहरुले वातावरण संरक्षण ऐनले तोकिएको प्रदुषण नियन्त्रण, मापदण्ड (Parameter) एवं शर्त पूरा गरी मात्र उद्योग संचालन गर्नुपर्ने। प्रदुष नियन्त्रणका मापदण्ड एवं शर्तहरु पूरा नगर्ने उद्योग सम्बन्धमा छलफल गरी २ वर्ष भित्र उद्योग स्थानान्तरण गर्न लगाउने। साथै सो क्षेत्रमा संचालित उद्योगहरुको पूंजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत थप गर्न स्वीकृती प्रदान नगर्ने नीति कायम गर्ने।

(ग) लुम्बिनी क्षेत्रमा घरेलु तथा कुटीर उद्योगहरूको स्थापनाको लागि IEE गर्नुपर्ने भएका IEE समितिमा लुम्बिनी विकास कोषका प्रतिनिधिलाई समेत समावेश गराउनु पर्ने।

(घ) भैरहवा लुम्बिनी सडकको विमानस्थल चोकसम्मको क्षेत्रमा नयाँ उद्योग स्थापना गर्दा, भैरहेको उद्योगहरुको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत थप गर्दा IEE/EIA गर्नु पर्ने भएमा IEE/EIA कमिटीमा लुम्बिनी विकास कोषको प्रतिनिधि राख्नु पर्ने।

(ङ) उल्लेखित १५ कि.मि. भित्र दर्ता भैसकेका तर संचालनमा नआएका उद्योगहरुको हकमा समेत त्यस्ता उद्योगहरुले तोकिएको वातावरण प्रदुषण, मापदण्ड एवं शर्तहरु भित्र रहने गरी उद्योग संचालनपूर्व नै आवश्यक प्रदुषण नियन्त्रणको व्यवस्था गर्नु पर्ने। तोकिएको मापदण्ड एवं शर्तहरु पालना नगर्ने उद्योगहरुलाई दिएको समयावधि भित्र अन्यत्र स्थानान्तरण गरिनु पर्ने।

## ६. पेट्रोलियम प्रोडक्ट उत्पादन गर्ने उद्योग बारे (२०६६-०८-३० / १९१)

मिति २०५४।१।२९ मा वसेको औ.प्र. बोर्डको १३२ औ. बैठकको निर्णय अनुसार काठमाडौं उपत्यकाभित्र र उपत्यका वाहिरका नगरपालिकाहरुमा स्थापना गर्न नपाइने उद्योगको सूचीमा Petroleum Product ( Petrol, Disel, Kerosene, Lubricant, Furnace Oil ) भन्ने उल्लेख भएको छ। हाल काठमाडौं उपत्यका क्षेत्र बाहेकका अन्य न.पा. तथा गा.वि.स. भित्र यस्ता उद्योग स्थापना गर्न पाउनु पर्ने माग हुने गरेको सम्बन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा काठमाडौं उपत्यका वाहेक अन्य उ.म.पा÷न.पा÷गा.वि.स. भित्र उद्योग स्थापना गर्दा देहाय बमोजिमका प्रक्रिया पु¥याई तथा सर्तहरूको पालना गरी उद्योग दर्ता गरिदिने नीतिगत व्यवस्था गर्ने निर्णय भयो।

(क) उद्योग रहने स्थानको चौतर्फि सघियारको सहमति भएको सरजमिन मुचुल्का सहित सम्बन्धित उ.म.न.पा. ÷ न.पा. / गा.वि.स. को सिफारिस पेश गर्नु पर्ने।

(ख) उद्योग घना वस्तीबाट ५ कि.मि. टाढा राख्ने ।

(ग) सुरक्षाको निम्ति अग्नी निरोधक संयन्त्रको उचित व्यवस्था गर्ने ।

(घ) रासायनिक पदार्थको बारे विज्ञ प्राविधिक संलग्न गराई कामदारहरूलाई उचित जानकारी दिने ।

(ङ) उद्योगदर्ता पूर्व प्रांरम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रावधान (IEE) पूरा गर्नुपर्ने ।

## ७. इट्टा भट्टाको वनदुरी सम्बन्धमा (२०६८-०६-०९ / १९४)

अव नयाँ दर्ता हुने इट्टाभट्टा उद्योगहरुले नयाँ प्रविधिमा आधारित VSBK वा Fixed Chimny वा Tunnel Kiln प्रविधिको अनिवार्य अवलम्बन गर्नुपर्ने र परम्परागत प्रविधिमा आधारित Moving Bull Trench Kiln मा स्थापित उद्योगहरुले २ वर्ष भित्र आधुनिक प्रविधिको प्रयोग गर्ने र इट्टा उद्योगहरु वन क्षेत्रबाट १ कि.मि.वाहिरको दूरीमा स्थापना गर्ने गरी औं.प्र.बोर्डको मिति २०६६।०८।१२ मा निर्णय भएकोमा नयाँ प्रविधिमा आधारित इट्टाभट्टा उद्योगहरुले वनजन्य काठ, दाउरा प्रयोग नगर्ने र वनमा आधारित नभएको हुंदा वनको दूरीको प्रावधान व्यवहारिक नभएकाले सो प्रावधान हटाइनु पर्ने सहितको विषयमा छलफल हुंदा, प्रचलित वातावतरण संरक्षण ऐन र नियमावलीले तोकेको प्रावधान पुरा गर्ने गरी वन पैदावार प्रयोग नगर्ने र नयाँ प्रविधिमा आधारित इट्टा उद्योगलाई तोकिएको साविक शर्तहरु यथावत पालना गर्ने गरी उल्लेखित वन क्षेत्रको १ कि.मि. दुरी सम्बन्धी वन्देज हटाउने निर्णय गरियो ।

## ८. कम्पनीको अधिकृत पूँजी र उद्योगको परियोजनाको कूल लागतमा समाजस्यता सम्बन्धमा (२०६८-०९-२९ / १९५)

कम्पनी दर्ता भई उद्योग बिभाग, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग बिकास समितिमा अनुमति एवं उद्योगको रुपमा दर्ता हुन आउने कम्पनीको नाममा उद्योग दर्ता गर्दा स्थिर तथा चालु पूँजी गरी कूल पूँजी (परियोजना लागत) कम्पनीको अधिकृत पूँजीको सीमा भित्र मात्र रहने र सो भन्दा बढी नहुने गरी उद्योग दर्ता गर्ने गरेकोमा हाल उद्योगी ब्यवसायिहरुले ठूलो पूँजी लगानी हुने उद्योगहरुको कूल परियोजना लागत भित्र Equity लगानीको साथसाथै ऋण लगानी समेत पर्ने र कम्पनीको अधिकृत पूँजी भित्र शेयर पूँजी लगानीको बिषयहरु मात्र पर्ने भएको हुँदा कूल परियोजना लागतलाई कम्पनीको अधिकृत पूँजीको अधिकतम सीमामा नबढ्ने गरी उद्योग दर्ता गर्नुपर्ने मौजुदा प्रावधानको सट्टा कूल इक्वीटी लगानी कम्पनीको अधिकृत पूँजीको सीमा भित्र रहने गरी उद्योग दर्ता गर्ने र सो गरिदिंदा हाल सम्मको प्रावधानबाट उद्योग दर्ता, स्थापना, सञ्चालन र प्रवर्द्धनमा (बिशेष गरी हाइड्रोपावर लगायतका ठूला उद्योगहरु) परेको कठिनाई समाधान भई नयाँ प्रावधानले उद्योगहरुको स्थापनामा बृद्धि हुने, धेरै उद्योगहरु खुल्ने र सोका माध्यमबाट राजश्वमा बढोत्तरी हुने, थप रोजगारीको सृजना हुने, उत्पादन अभिवृद्धि भई निर्यात प्रवर्द्धन समेत हुने देखिएकोले सो बन्देज फुकुवा गर्ने निर्णय गरियो ।

## ९. नगरपालिका क्षेत्रमा आयुर्वेदिक औषधी उद्योग स्थापना (२०६९।०१।१२।१९६)

औद्योगिक प्रवर्द्धन वोर्डको १३२ औं वैठकको निर्णयबाट काठमाडौ उपत्यकाको नगरपालिका क्षेत्र भित्र उत्पादनमूलक विभिन्न उद्योगहरु स्थापना गर्न दर्ता रोक लगाइएको र सो मध्ये आयुर्वेदिक औषधि उद्योगमा बढिमा रु.५००००।- (पचास हजार) मुल्य सम्मको मेशिनरी भएको उद्योग मात्र स्थापना गर्न पाउने व्यवस्था भई सोही बमोजिम कामकारवाही भइरहेकोमा आयुर्वेदिक औषधि उद्योग धेरै वातावरणीय प्रदुषण गर्ने प्रकृतिको नभएकोले प्रचलित कानून एवं वातावरण संरक्षण नियमावली २०५४ बमोजिम पुर्याउनु पर्ने सम्पूर्ण प्रकृया पूरा गरी महानगरपालिकाउपमहानगरपालिका/नगरपालिका क्षेत्र भित्र रु.१ करोड मूल्य सम्मका मेशिनरी जडित आयुर्वेदिक औषधि उद्योग दर्ता गर्न सक्ने गरी स्वीकृति प्राप्तीको लागि पेश भएको प्रस्तावमा

छलफल हुंदा प्रस्तावमा पेश भए बमोजिम काठमाडौ उपत्यकाको नगरपालिका क्षेत्र भित्र रु. १ करोड मूल्य सम्मको मेशिनरी जडित आयुवेर्दिक औषधि उद्योग दर्ता गर्न सक्ने गरी सम्बन्धित विभागलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

## १०. लुम्बिनी क्षेत्रमा उद्योग स्थापना बारे (२०६९-४-२६/ १९७)

लुम्बिनी क्षेत्रको सिमाना देखि १५ कि.मि. को दूरी भित्र स्थापना भई संचालनमा रहेका प्रस्तावको प्रकरण ४ मा उल्लेखित अति प्रदुषण गर्ने प्रकृतिका उद्योगहरु वाहेक अन्य उद्योगहरुको हकमा पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप (समान प्रकृतिका उद्देश्य मात्र) तथा विद्युत क्षमता थप गर्न स्वीकृति प्रदान गर्ने नीति कायम गर्ने भन्ने विषय सम्बन्धी प्रस्तावमा छलफल हुFदा देहाय बमोजिम गर्ने निर्णय भयो।

(क) लुम्बिनी क्षेत्रको सिमाना देखि १५ कि.मि. को दूरी भित्र स्थापना भई संचालनमा रहेका निम्नानुसारका अति प्रदुषण गर्ने प्रकृतिका उद्योगहरु वाहेक अन्य उद्योगहरुको हकमा पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप (समान प्रकृतिका उद्देश्य मात्र) तथा विद्युत क्षमता थप गर्न स्वीकृति प्रदान गर्ने नीतिकायम गर्ने।

१) डिष्टिलरी एवं ब्रुअरी उद्योग (मदिरा ब्लेण्डीङ्ग/बोटलिङ समेत)

२) पेपर एण्ड पल्प उद्योग

३) चिनी उद्योग

४) छाला प्रशोधन उद्योग

५) वनस्पति घ्यू उद्योग

६) ग्यालभानाइजिङ तथा इलेक्ट्रो प्लेटिङ्ग गर्ने उद्योग

७) कपडा डाइङ एवं प्रिन्टीङ्ग उद्योग

८) ईटा/टायल उद्योग (VSBK बाहेक)

९) साबुन उद्योग

१०) प्राथमिक रसायन उत्पादन गर्ने उद्योग

११) सिमेण्ट उद्योग

१२) पशु बधशाला

१३) पेट्रोलियम तथा पेट्रोकेमिकल प्रशोधन उद्योग

१४) ऊन प्रशोधन उद्योग

१५) एसेवस्टस सिट उद्योग

१६) गहौं धातु उत्पादन तथा प्रशोधन उद्योग (मर्करी, लिड, क्याडमियम इत्यादी)

१७) रोडा ढुंगा उद्योग

## ११. क्लिङ्करमा आधारित सिमेण्ट उत्पादन गर्ने उद्योग (२०६९-८-१७ / १९९)

विगतमा क्लिङ्करमा आधारित सिमेण्ट उत्पादन गर्ने उद्योगहरु औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय अनुसार उद्योग विभागबाट उद्योग दर्ता हुँदाका बखत त्यस्ता उद्योगहरुलाई ५ वर्ष भित्र क्लिङ्कर बेसबाट खानी बेसमा लैजानु पर्ने वा स्वदेशी क्लिङ्कर प्रयोगमा ल्याउनुपर्ने भन्ने शर्त राखी दर्ता प्रमाणपत्र जारी गरिएकोमा कतिपय उद्योगहरुले तोकिएको म्याद भित्र विभिन्न कारणले उक्त शर्त पूरा गर्न नसकेको अवस्थामा कतिपय उद्योगले उक्त शर्तको म्याद थप गर्न र नेपाल सिमेण्ट उत्पादक संघले शर्त राखिएको व्यवस्था नै खारेज गर्न अनुरोध गरेको विषय सम्बन्धमा छलफल हुँदा विभिन्न कारणले उक्त शर्त पुरा गर्न नसकेका उद्योगहरुले कारण सहित हालसम्मको प्रगति,कार्ययोजना र प्रतिवद्धता सहित म्याद थपको लागि आवेदन गरेमा औचित्यको आधारमा व्यतित म्याद समर्थन गर्दै बढीमा २०७३ साल पौष मसान्त सम्म सम्बन्धित विभागले म्याद थप गर्न सक्ने निर्णय गरियो। साथै हाल दर्ता भई ५ वर्ष अवधि नपुगेका वा अब दर्ता हुने क्लिङ्करमा आधारित सिमेन्ट उद्योगहरुलाई समेत २०७३ साल पौष मसान्त सम्ममा चुनढुङ्गामा आधारितमा रुपान्तरण गर्नुर्पर्ने वा स्वदेशी क्लिङ्कर प्रयोगमा ल्याउनु पर्ने गरी शर्त परिमार्जन गर्न वा तोक्न निर्देशन दिने निर्णय गरियो।

## १२. पान मसला, गुट्खा तथा खाने सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योग सम्बन्धमा (२०७०-१-३१ / २०४ )

पान मसला, गुट्खा तथा खाने सुर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापनार्थ अनुमति दिने सम्बन्धमा अध्ययन गर्न कार्यदल गठन गर्ने सम्बन्धी प्रस्तावमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियोः-

(क) पान मसला, गुट्खा, खैनी तथा खाने सूर्तिजन्य पदार्थ प्रयोग हुने विभिन्न वस्तुहरुको सेवनले मानव स्वास्थ्यमा अत्यन्तै हानी गर्ने तथा यस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगहरुको संख्या दिनानुदिन बढ्दै गईरहेको सन्दर्भलाई विचार गरी यस्ता प्रकारका वस्तुहरुको उत्पादन गर्ने नयाँ उद्योग स्थापनार्थ तथा यस्ता प्रकारका वस्तुहरु उत्पादन गर्ने विद्यमान उद्योगको क्षमता वृद्धि गर्न अनुमति प्रदान गर्दै जान उपयुक्त हुने नहुने सम्बन्धमा अध्ययन गरी कार्य प्रारम्भ भएको मितिले २ (दुई) महिना भित्र उद्योग मन्त्रालय मार्फत औद्योगिक प्रवर्द्धन बोर्ड समक्ष ठोस निष्कर्ष र राय सिफारिश सहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने।

(ख) उक्त कार्यदलले देहाय बमोजिमको कार्यसूची तथा कार्यविधिको आधारमा अध्ययन कार्य सम्पादन गर्नेः-

- (१) प्रचलित कानूनी व्यवस्थाको अध्ययन गर्ने।
- (२) विभिन्न आधिकारिक तथ्यांक र प्रकाशित प्रतिवेदन अध्ययन गर्ने।
- (३) आवश्यकतानुसार सम्बन्धित निकायका पदाधिकारीहरु, विज्ञ तथा उद्योगीसँग अन्तरक्रिया गर्ने।
- (४) हालसम्म अनुमति प्राप्त उद्योगहरुको संख्या तथा क्षमताको अध्ययन तथा विश्लेषण गर्ने।
- (५) यस्ता वस्तुहरुले मानव स्वास्थ्यमा पार्ने प्रभावको विश्लेषण।
- (६) छिमेकी मुलुकले यस्ता उद्योगको सम्बन्धमा लिएको नीतिको अध्ययन।
- (७) माग र आपूर्ति बीचको अवस्थाको अध्ययन।
- (८) निर्यातको सम्भावना र आयात प्रतिस्थापनमा पारेको प्रभावको अध्ययन।
- (९) उद्योगबाट राजश्व संकलनमा पारेको र पार्न सक्ने प्रभावको अध्ययन।
- (१०) कार्यदलले आवश्यक ठानेका अन्य विषयहरु।
- (११) कार्यदलले आफ्नो कार्यविधि आफै बनाउने छ।

(ग) उक्त कार्यदलले प्रस्तुत गरेको प्रतिवेदन औद्योगिक प्रवर्द्धन बोर्डमा पेश भै बोर्डबाट अर्को निर्णय नहुञ्जेल सम्म माथि प्रकरण नं ५ (क) मा उल्लेखित वस्तुहरु उत्पादन गर्ने नयाँ उद्योगको स्थापना गर्न तथा विद्यमान उद्योगको क्षमता वृद्धि गर्न अनुमति प्राप्तिको लागि आजका मिति पश्चात पर्ने आवेदनहरु उपरको कारवाही स्थगन गर्ने ।

## १३. इट्टा उद्योगको वनदुरी सम्बन्धमा (२०७०-०९-०९ / २०८)

ईटा उद्योगको लागि चाहिने वन दुरी सम्बन्धी प्रस्तावमा छलफल हुँदा यस सम्बन्धमा मिति २०६८।६।९ मा बसेको १९४ औं बैठकको निर्णयलाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

## १४. माइक्रोब्रुअरी स्थापना (२०७१-०३-१७/ २१०)

औं.प्र.बोर्डको विभिन्न मितिका निर्णयहरुबाट गठित कार्यदल/समितिका संयोजकहरुले पेश गरेको अध्ययन प्रतिवेदन तथा कार्य प्रगति बारे बोर्डलाई अवगत भयो । सो सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियोः

क) Microbrewery स्थापना गर्ने सम्बन्धमा एवम् फलफूलमा आधारित मदिरा उद्योग (साईडर, वाइन इत्यादी समेत) स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश हुन आएकोमा Microbrewery स्थापना गर्ने सम्बन्धी सो अध्ययन प्रतिवेदनलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्दै देहाय बमोजिम गर्ने निर्णय गरियो :-

- उक्त प्रतिवेदनमा उल्लेखितबुँदाहरुलाई कार्यान्वयनमा लैजान ठोस सुझाव सहित अर्को बैठकमा पेश गर्न उद्योग विभागलाई निर्देशन दिने ।
- फलफूलमा आधारित मदिरा उद्योग (साईडर, वाइनइत्यादी समेत) स्थापना गर्ने सम्बन्धमा पेश हुन आएको प्रतिवेदन सिद्धान्ततः स्वीकृत गर्ने तथा सो प्रतिवेदनमा उल्लिखित मापदण्ड बमोजिमका प्रक्रिया पुर्याई उद्योग स्थापना गर्ने अनुमति प्रदान गर्न एवम् उद्योग दर्ता गर्न तथा सोको जानकारी नियमित रुपमा औ.प्र.बोर्डमा पेश गर्न सम्बन्धित विभागलाई निर्देशन दिने ।
- प्रतिवेदन पेश गर्ने कार्यदलका संयोजक एवम् सदस्यहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

## <u>वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्ने सम्बन्धको प्रतिवेदन</u>

**<u>वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनार्थ अनुमति प्रदान गर्ने सम्बन्धमा निम्न लिखित मापदण्ड बनाउन उपयुक्त हुने ।</u>**

१. फलफूल (जडिबुटी, फूल समेत) मा आधारित भई वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न पाईने/नपाईने क्षेत्र सम्बन्धमाः

अ) औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औँ बैठकको निर्णयानुसार काठमाडौं उपत्यका एवं अन्य नगरपालिकाहरुमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न पाईने छैन भनिएकोमा वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा काठमाडौं उपत्यकाको महानगरपालिका, उप-महानगरपालिका एवं नगरपालिकाहरु तथा अन्य उप-महानगरपालिकाहरु बाहेक अन्य नगरपालिकाहरुमा वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न अनुमति प्रदान गर्न उपयुक्त हुने ।

आ) औद्योगिक प्रवर्द्धन बोर्डको १७६ औँ बैठकले मझौला तथा ठूला स्तरका उत्पादनमूलक उद्योग अन्तर्राष्ट्रिय सिमानाको ५ कि.मि. बाहिर मात्र स्थापना गर्न पाईने निर्णय गरेको सम्बन्धमा वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा समेत यो प्रावधान यथावत कायम राख्ने ।

इ) औद्योगिक प्रवर्द्धन बोर्डको १९० औँ बैठकको निर्णयानुसार लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित बाउण्ड्रीको दक्षिण तर्फ भारतिय सिमा सम्म र पूर्व, पश्चिम र उत्तर तर्फ उक्त बाउण्ड्री देखि १५ कि.मि. दुरि (Aerial Distance) भित्र वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न पाईने छैन ।

ई) वाइन तथा साईडर उत्पादन गर्ने उद्योग ऐतिहासिक महत्वका मठ-मन्दिर, राष्ट्रिय निकुञ्ज तथा नेपाल सरकारले मदिरा उद्योग स्थापना गर्न नपाईने भनि तोकेको क्षेत्र भन्दा ५०० मि. टाढा हुनु पर्नेछ । साथै उद्योग स्थापना गर्ने सम्बन्धमा संचालन रहेका सामुदायिक अस्पताल तथा सामुदायिक विद्यालय क्षेत्रको हकमा भने कम्तिमा १०० मि. टाढा हुनु पर्नेछ ।

२. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, उद्योग दर्ता सम्बन्धमाः

अ) उद्योग दर्ता प्रयोजनको लागि वातावरण संरक्षण नियमावली – २०५४ ले निर्दिष्ट गरे बमोजिम १५ दिने सार्वजनिक सूचना प्रकाशन (राष्ट्रिय दैनिक पत्रिकामा) गर्नुका साथै सूचना टाँसको मुचुल्का, छर-छिमेक/सँधियारको स्वीकृति सहितको मुचुल्का, सम्बन्धित गा.वि.स. को सिफारिस सहित IEE/EIA प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गर्नु पर्नेछ ।

आ) उद्योग सञ्चालन पूर्व IEE/EIA मा उल्लेखित Mitigation Measures हरु जडान गरे/नगरेको सम्बन्धमा सम्बन्धित विभागबाट स्थलगत निरीक्षण गर्नु/गराउनु पर्नेछ ।

३. <u>वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्रदान गर्ने सम्बन्धमा विशेष व्यवस्थाः</u>

अ) वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्राप्त गर्न रु. १ (एक) लाख धरौटी वापत जम्मा गर्नुपर्नेछ । तर आफैँले फलफूल (जडीबुटी, फूल) समेत न्यूनतम ५० प्रतिशत सम्म खेती गरि आफ्नै फलफूल (जडिबुटी, फूल समेत) उत्पादन बाट मात्र वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्राप्त गर्न भने रु. ५०,०००।०० पचास हजार धरौटि वापत जम्मा गर्नु पर्नेछ । उक्त धरौटी अनुमति प्राप्त नभएमा वा उद्योगले व्यवसायिक उत्पादन गरे पश्चात मात्र फिर्ता गरिनेछ । अनुमति प्रदान गर्दा तथा उद्योग दर्ता गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गरिनेछ ।

आ) वाइन तथा साईडर उत्पादन गर्न स्थापना भै सकेको उद्योगको उद्देश्य थप/क्षमता वृद्धि अनुमति माग गर्दा आवेदन साथ रु. ५००००।०० (पचास हजार) धरौटी वापत जम्मा गर्नुपर्नेछ । उक्त धरौटी उद्देश्य थप/क्षमता वृद्धिको अनुमति प्राप्त नभएमा वा अनुमति प्रदान गरिएकोमा क्षमता वृद्धि अनुरुप व्यवसायिक उत्पादन शुरु भएको प्रमाणित पेश भए पश्चात् मात्र फिर्ता गरिनेछ ।

इ) अनुमति प्राप्त व्यक्तिको नाममा उद्योगले व्यवसायीक उत्पादन नगरे सम्म कम्तीमा २० प्रतिशत शेयर कायम रहेको हुनु पर्नेछ ।

ई) वाइन तथा साईडर उत्पादन गर्न अनुमति प्राप्त भएको मितिले २ (दुई) वर्ष भित्र उद्योगको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरि सक्नुपर्नेछ । आफैंले फलफूल (जडिबुटि, फूल समेत) खेति गरि आफ्नै न्यूनतम ५० प्रतिशत सम्म फलफूल (जडिबुटि, फूल समेत) उत्पादन बाट वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा भने अनुमति प्राप्त भएको मितिले ४ (चार) वर्ष भित्र उद्योगको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरि सक्नु पर्नेछ ।

तर मनासिव माफिकको कारण दर्शाइ अनुमति प्राप्त व्यक्ति, संस्थाबाट निवेदन प्राप्त भएमा ६/६ महिना गरी थप ४ (चार) पटक सम्म म्याद थप गरिदिन सक्नेछ ।

४. भौतिक संरचना एवं प्रविधिक पक्षः

अ) वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाका लागि न्यूनतम १,५०० (पन्ध्र सय) वर्ग मि. जमिन हुनु पर्नेछ ।

आ) आफैंले फलफूल (जडिबुटि, फूल समेत) खेति गरि आफ्नै न्यूनतम ५० प्रतिशत सम्म फलफूल (जडिवुटि, फूल समेत) उत्पादन बाट वाइन तथा साईडर उत्पादन गर्ने उद्योग दर्ता गर्दा कम्तिमा ५,००० वर्ग मिटर क्षेत्रफलको जग्गाको व्यवस्था गर्नु पर्ने छ ।

इ) कारखाना भवन पक्की (न्युनतम पक्की गारो र सुरक्षित छाना) हुनु पर्नेछ । कारखाना परिसरमा कम्पाउण्ड वाल लगाईएको हुनु पर्नेछ ।

ई) उद्योगमा प्रयोग हुने Tank तथा Pipelines हरु Stainless Steel को हुनु पर्ने छ । तर Vat भने काठको समेत प्रयोग गर्न पाईनेछ । Plastic का Pipelines/Fittings प्रयोग गर्नै पर्ने भएमा Food Grade का मात्र प्रयोग गर्नु पर्नेछ ।

उ) Clean in Place (CIP) Facility तथा प्रयोगशालाको व्यवस्था हुनु पर्नेछ ।

ऊ) उद्योगले कम्तिमा १ जना Alcohocol Technologist/ Food Technologist/ Microbiologist को निगरानिमा उत्पादन गर्नुपर्नेछ ।

ए) वाइन तथा साईडरमा Alcohol को मात्रा १५ प्रतिशत भन्दा कम हुनु पर्नेछ ।

ऐ) उत्पादन गर्नु पूर्व खाद्य तथा गुण नियन्त्रण विभागबाट तोकिएको / तोकिने प्रक्रिया पुरा गर्नु पर्नेछ ।

ओ) आन्तरिक राजश्व विभागले तोकेको वा उपलब्ध गराएको Software Program बाट मात्र विजक जारि गर्नु पर्ने छ । उत्पादक वा विक्रेताको बिजक जारि गर्ने Software र Computer मा आन्तरिक राजश्व विभागले Online Connectivity माध्यमबाट निरन्तर पहुँच प्राप्त गर्ने सुविधा उपलब्ध गराउनु पर्नेछ ।

५. विद्यमान संचालनमा रहेका वाइन तथा साईडर उत्पादन गर्ने उद्योग सम्बन्धमाः

विद्यमानमा सञ्चालनमा रहेका वाइन तथा साईडर उत्पादन गर्ने उद्योगहरुले समेत न्युनतम रुपमा उल्लेखित जग्गाको व्यवस्था एवं भौतिक संरचनाको निर्माण अनुमति प्राप्त भएको मितिले २ (दुई) वर्ष भित्रमा सम्पन्न गर्नु पर्नेछ ।

६. अनुगमनः

अ) यस मापदण्डमा उल्लेखित विषयका सम्बन्धमा नियमित अनुगमन गर्न निम्नानुसारको संयुक्त अनुगमन टोलिको गठन सम्बन्धित विभागले गर्नेछ ।

उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

क) महानिर्देशकले तोकेको निर्देशक, उद्योग विभाग, संयोजक

ख) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

ग) महानिर्देशकले तोकेको अधिकृत, उद्योग विभाग, सदस्य सचिव

घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

क) महानिर्देशकले तोकेको निर्देशक, घरेलु तथा साना उद्योग विभाग, संयोजक

ख) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

ग) प्रतिनिधि, सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, सदस्य

घ) महानिर्देशले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग विभाग, सदस्य सचिव

आ) माथि (१) मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछ।

(क) प्रस्तावित मापदण्ड, इजाजत पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे/नगरेको

(ख) स्वीकृत क्षमता भन्दा बढी उत्पादन गरे/नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल (Recovery) इत्यादि

(घ) सम्बन्धित विभागले तोके बमोजिमका अन्य विषयहरु

इ) अनुगमन टोलीले अनुगमन पश्चात आफ्नो प्रतिवेदन सम्बन्धित विभागहरुमा प्रस्तुत गर्नेछ।

७. अनुमति पत्र खारेजी, जरिवानाः

अ) तोकिएको मापदण्ड अनुरुप कार्य गरेको नपाइएमा अनुमति पत्र खारेजी एवं औ. व्य. ऐन तथा अन्य प्रचलित ऐन बमोजिम कार्यवाही, जरिवाना गर्न सकिनेछ।

**पहाडी क्षेत्रको हकमा स्वीकृत मापदण्डमा उल्लेखित जग्गाको क्षेत्रफल सम्बन्धमा पुनरावलोकन गर्नु पर्ने सम्बन्धमाः**

१. उल्लेखित विषय वियर तथा मदिरा उद्योगको मापदण्डसँग सम्बन्धित भएको कार्यदलको बुझाई रहेको हुँदा मदिरा तथा वियरको मापदण्ड पुनरावलोकन गरि प्रतिवेदन पेश गर्न छुट्टै कार्यदल गठन भएकोले प्रस्तुत विषयमा सोही कार्यदलबाट अध्ययन गरि प्रतिवेदन पेश हुन मुनासिव हुने व्यहोरा पेश गरेका छौँ।

ख) बोर्डबाट विभिन्न मितिमा गठित प्रस्ताव नं. ६ मा उल्लेखित निम्न अनुसारको कार्यदलहरुलाई बजेटको अभावको कारणबाट अध्ययन गरी प्रतिवेदन पेश गर्न कठिनाई भएको जानकारी भयो। सो सम्बन्धमा कुन कार्यदललाई के कति रकम आवश्यक पर्ने हो खुलाई उद्योग मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा माग गर्न उद्योग विभागलाई निर्देशन दिने।

१. नयाँ मदिरा एवम् वियर उत्पादन गर्ने उद्योग तथा विद्यमान मदिरा तथा वियर उद्योगको क्षमता तथा पुँजी वृद्धिको अनुमति प्रदान गर्ने सम्बन्धी

२. पान मसाला, गुट्खा तथा खाने सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापनार्थ तथा क्षमता वृद्धि गर्न अनुमति प्रदान गर्न उपयुक्त हुने नहुने सम्बन्धी
३. लुम्बिनी-भैरहवा कोरिडोरमा उद्योग स्थापना, क्षमता वृद्धि, उद्धेश्य थप सम्बन्धी
४. विभिन्न प्रकारका उत्पादनमूलक उद्योगहरुमा लाग्दै आएको विद्युत महसुलमा ७० प्रतिशत छुट तथा २४ सै घण्टा विद्युत आपुर्तिको व्यवस्था सम्बन्धी
५. उद्योग रहने स्थल सम्बन्धमा विद्यमान व्यवस्था पुनरावलोकन गरी समयानुकुल परिमार्जन गर्ने सम्बन्धी।

## १५. वायुयान र वायुयान पाट मर्मत गर्ने कार्यशाला (वर्कशप) सेवा उद्योग दर्ता (२०७१-०६-१०/ २११)

नगरपालिका क्षेत्रमा वायुयान र वायुयान पाट मर्मत गर्ने कार्यशाला (वर्कशप) सेवा उद्योगको रुपमा दर्ता गर्ने विषय सम्बन्धी नीतिगत प्रस्तावमा छलफल हुँदा श्री शिरिस एयरक्राफ्ट मेन्टेनेन्स रिपेर एण्ड ओभर हल प्रा.लि. काठमाडौलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उद्योग स्थापना गर्न इजाजत प्रदान गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल नागरिक उड्डयन कार्यालयले वर्कशप सञ्चालनका लागि काठमाडौ महानगरपालिका वडा नं. ९ स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल परिसरमै जग्गा भाडामा उपलब्ध गराइएको सन्दर्भमा देहायका शर्तहरुसमेत तोकी तोकिएको स्थान काठमाडौ महानगरपालिका वडा नं.९ स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा प्रस्तावित आवेदकलाई नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको स्थानमा मात्र उल्लेखित बायुयान र वायुयान पार्ट मर्मत गर्ने कार्यशाला (Workshop) सेवा उद्योगको रुपमा दर्ता गर्न उद्योग विभागलाई निर्देशन दिने निर्णय गरियो।

**शर्तहरु:**

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले इजाजत प्रदान गर्दा तोकेका शर्तहरुपूर्ण रुपमा पालना गर्नुपर्नेछ।
- स्वीकृत भाडा सम्झौतामा उल्लेखित शर्तहरु पूर्णरुपले पालना गर्नुपर्नेछ।
- सम्बन्धित निकायबाट IEE प्रतिवेदन स्वीकृत गराएर मात्र परियोजना प्रस्ताव कार्यान्वयन गर्नुपर्नेछ।
- अन्य कार्यशाला (वर्कशप) सम्बन्धी सेवा उद्योगहरु दर्ता गर्दा तोकिने शर्तहरु समेत तोक्ने।

## १६. नवघोषित तथा विस्तारित नगरपालिका क्षेत्रमा उद्योग स्थापना (२०७१-१०-०५/ २१३)

नवघोषित तथा विस्तारित नगरपालिका क्षेत्रमा उद्योग स्थापना गर्ने विषयमा नीतिगत निर्णय गर्ने सम्बन्धी प्रस्तावमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) औद्योगिक प्रवर्द्धन बोर्डबाट उद्योग स्थापना गर्ने क्षेत्र तोक्ने विषयमा गठित कार्यदलबाट प्रतिवेदन प्रस्तुत भई सोमा बोर्डबाट अर्को निर्णय भएपछि सोही अनुसार हुने गरी हाललाई साविकका ५८ नगरपालिकाहरू (महानगरपालिका, उपहानगरपालिका र नगरपालिका) बाहेक अन्य नवघोषित तथा विस्तारित नगरपालिकाहरूमा साविक बमोजिम नै उद्योगको अनुमति प्रदान गर्न, उद्योग दर्ता गर्न, दर्ता भएका उद्योगहरूको पुँजी तथा क्षमता वृद्धि, उद्देश्य थप, विद्युत क्षमता थप, ठाउँसारी गर्न एवम् विदेशी लगानी स्वीकृत गर्न सम्बन्धित विभागहरूलाई निर्देशन दिने।

## १७. सिमेन्ट ब्लक, स्टील स्ट्रक्चर तथा मेटल प्यानल लगायतका सामग्री उत्पादन गर्ने उद्योगको दर्ता सम्बन्धमा (२०७२।०२।३१/ २१५)

देहायका प्रक्रिया पुरा गरी प्रिफ्याब्रिकेटेड भवन र संरचनाहरू तयार गर्ने एवम् सो तयार गर्दा प्रयोग हुने सिमेन्ट ब्लक, स्टील स्ट्रक्चर तथा मेटल प्यानल लगायतका सामग्री उत्पादन गर्ने उत्पादनमूलक उद्योगहरू काठमाडौं उपत्यकाका नगरपालिकाहरूमा समेत दर्ता गर्ने गरी सम्बन्धित विभागहरूलाई निर्देशन दिने निर्णय गरियो।

१) यस प्रकृतिका उद्योगहरू काठमाडौं उपत्यकामा हाल कायम रहेको रिङरोड क्षेत्र बाहिर स्थापना गर्नुपर्ने।

२) उद्योग दर्ता पूर्व सम्बन्धित नगरपालिकाको सर्जमिन मुचुल्का सहितको सिफारिस पत्र पेश गर्नुपर्ने।

३) उद्योग दर्ताका लागि १०० फिट रेडियस पुग्ने गरी कम्तिमा ५ रोपनी जग्गा व्यवस्थापन गर्नुपर्ने।

४) उद्योग संचालन पूर्व वातावरण प्रदुषण न्यूनीकरणका लागि आवश्यक यन्त्र र उपकरणहरू जडान गर्नुपर्ने।

## १८. हब्लाजिग–ज्यागकिल्न (Habla Zig-Zag kiln) प्रविधिको ईटा उद्योग सम्बन्धमा (२०७२-०२-३१/ २१५)

हब्लाजिग–ज्यागकिल्न (Habla Zig-Zag kiln) प्रविधिको ईटा उद्योगलाई अन्य प्रविधिका ईटाउद्योगहरुले पालना गर्नुपर्ने गरी तोकिएका निम्न शर्त तथा मापदण्डहरु पालना गर्ने गरी परीक्षणको रुपमा दर्ता गर्न एवम् परीक्षणबाट यो प्रविधि उपयुक्त देखिएमा उत्पादन शुरु गरेको दुई वर्षपछि यो प्रविधिलाई पूर्णरुपमा खुला गर्न सम्बन्धित विभागहरूलाई निर्देशन दिने निर्णय गरियो।

शर्तहरु

१. उद्योग स्थापना भए पश्चातपहिलो पटक तीन महिनामा र त्यसपछिको प्रत्येक ६/६ महिनामा उक्त प्रविधिको Environmental performance(Air Quality/ Air Pollution), Energy efficiency, इँटाको Quality parameters र प्रविधि प्रयोग गर्ने जनशक्ति खुलेको हाल स्वीकृत प्रविधि सँगको तुलनात्मक अध्ययन गरी आधिकारिक प्रयोगशालाबाट परीक्षण  गराइ प्रतिवेदन उद्योग मन्त्रालय र सम्बन्धित विभागसमक्षपेश गर्नुपर्ने।

२. Habla Zig-Zag Kilnउद्योगहरुले अन्य ईट्टाउद्योगहरुले (Fixed chimney / VSBK / Tunnel Kiln)सरह उद्योग रहने क्षेत्रको चौतर्फि साँध सँधियारहरुको सहमति सहित स्थानीय निकायको सिफारिस संलग्न गरी वातावरण संरक्षण नियमावली अनुसार IEE/EIA गर्नुपर्ने।

३. वन पैदावरमा आधारित काठदाउरा, पतकर, वातावरण प्रदूषण गर्ने टायर आदि प्रयोग गर्न नपाउने।

४. जग्गाको स्वामित्व उद्योग वा उद्योगिको नाममा हुनुपर्ने वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनुपर्ने।

५. उद्योग स्थल घनावस्तीबाट १ कि.मि. टाढा हुनुपर्ने।

६. उद्योगले ओगटेको जग्गाको क्षेत्रफल न्यूनतम २०० × २०० बर्ग फीट लम्बाईचौडाई पुग्ने हुनुपर्ने।

७. उद्योग संचालन गर्दा सम्वन्धित जिल्ला वन कार्यालयको सहमति लिनुपर्ने।

८. Habla Zig-Zag Kiln Ltd. Australia लाई सो प्रविधिको प्रयोग तथा परीक्षण वापत कुनै पनि प्रकारको रोयल्टी उपलब्ध गराइन पाइनेछैन।

## १९. मदिरा तथा बियर उद्योगको मापदण्ड सम्बन्धमा (२०७२-०६-०१/ २१६)

२०१ र २०५ औं बैठकको निर्णयानुसार उद्योग मन्त्रालय, प्रविधि तथा वातावरण महाशाखाका सहसचिव श्री ऋषिराज कोइरालाको संयोजकत्त्वमा मदिरा तथा बियर उद्योगहरूको विद्यमान मापदण्ड पुनरावलोकन गर्न गठित कार्यदललेपेश गरेको प्रतिवेदनलाई सिद्धान्ततः स्वीकृति प्रदान गर्दै देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) संलग्न अनुसुची– १ मा रहेको मदिरा तथा बियर उद्योग स्थापनार्थ एवम् उद्देश्य थप र क्षमता वृद्धि समेतका लागि अनुमति प्रदान गर्ने सम्बन्धको संशोधित मापदण्ड लागू गर्न स्वीकृति दिने ।

ख) २०१ औं बैठकको निर्णयानुसार मिति २०६९।१०।२५ देखि नयाँ मदिरा वा वियर उत्पादन गर्ने उद्योग स्थापना गर्ने तथा विद्यमान मदिरा वा वियर उत्पादन गर्ने उद्योगहरुको क्षमता वृद्धि तथा उद्देश्य परिवर्तन गर्ने अनुमति प्राप्तिको लागि पर्ने आवेदनहरुमा अनुमति प्रदान गर्ने कार्य स्थगन गरिएकोमा सो कार्य फुकुवा गर्ने ।

ग) नयाँ मदिरा तथा बियर उद्योगहरूको अनुमति एवम् विद्यमान मदिरा तथा बियर उद्योगहरूको क्षमता वृद्धि र उद्देश्य थपका लागि परेका वा पर्ने आवेदनहरू औद्योगिक प्रवर्द्धन बोर्डमा पेश गर्ने ।

### अनुसुची १

### मदिरा तथा वियर उद्योग स्थापनार्थ एवं उद्देश्य थप र क्षमता वृद्धि समेतका लागि अनुमति प्रदान गर्ने सम्बन्धको संशोधित मापदण्ड ।

**१. मदिरा ⁄ वियर उद्योग स्थापना गर्न पाइनेक्षेत्र सम्बन्धमा**

अ. औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औं बैठकको निर्णयानुसार काठमाडौं उपत्यका एवं अन्य उप-महानगरपालिका एवं नगरपालिकाहरुमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न पाइने छैन भनिएकोमा सो लाई यथावत कायम राख्ने । तर नवघोषित तथा विस्तारित नगरपालिकाहरुको हकमा औद्योगिक प्रवर्द्धन बोर्डको २१३ औं बैठकको निर्णयानुसार नै नयाँ मदिरा एवं वियर उद्योग स्थापना, पूँजी तथा क्षमता बृद्धि वा उद्देश्य थप गर्न सकिने छ ।

आ. औद्योगिक प्रवर्द्धन बोर्डको १७६ औं बैठकले “मझौला तथा ठुला स्तरका उत्पादनमूलक उद्योग” अन्तर्राष्ट्रिय सिमानाको ५ कि.मि. बाहिर मात्र स्थापना गर्न पाइने निर्णय गरेको सन्दर्भमा सबै स्तरका मदिरा एवं वियर उद्योगको स्थापना अन्तर्राष्ट्रिय सिमानाको ५ कि.मि. भित्र स्थापना गर्न नपाइने व्यवस्था कायम हुनुपर्ने ।

इ. औद्योगिक प्रवर्द्धन बोर्डको १९० औं बैठकबाट “लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित वाउण्ड्रीको दक्षिण तर्फ भारतीय सिमासम्म र पूर्व पश्चिम उत्तर तर्फ बाउण्ड्री देखि १५ कि.मि. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बायाँ ८०० मिटर भित्र कार्बन उत्सर्जन नगर्ने उद्योग बाहेक अन्य नयाँ उद्योग स्थापना गर्न नदिने” भन्ने निर्णय भए अनुसार सो क्षेत्रमा बियर तथा मदिरा उद्योग स्थापना गर्न पाइने छैन ।

ई. मदिरा तथा वियर उद्योग ऐतिहासिक महत्वका मठ-मन्दिर, अस्पताल, विद्यालय क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा नेपाल सरकारले मदिरा वा वियर उद्योग स्थापना गर्न नपाइने भनी तोकेको क्षेत्रभन्दा न्यूनतम ५०० मिटर टाढा हुनु पर्नेछ । मदिरा तथा वियर उद्योग भएको स्थानबाट ५०० मिटर भित्र नयाँ अस्पताल र विद्यालय स्थापना गर्न नदिने व्यवस्थाका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

उ. काठमाडौं उपत्यका बाहेकको औद्योगिक क्षेत्रको हकमा औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औँ बैठकको निर्णयानुसारकनै मदिरा तथा वियर उद्योग स्थापना गर्न पाउने व्यवस्था कायम राख्ने ।

## २. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, उद्योग दर्ता सम्बन्धमा

अ. मदिरा तथा वियर उद्योग स्थापना गर्न इजाजत प्राप्त व्यक्ति/संस्थाले इजाजत प्राप्त गरेको मितिले १ (एक) वर्ष भित्र कम्पनी, संचालक वा लगानीकर्ताको नाममा उद्योगको लागि आवश्यक जग्गाको स्वामित्व कायम गरि सक्नुपर्नेछ ।

आ. उक्त जग्गालाई आधार मानेर उद्योगीले उद्योग दर्ता प्रयोजनको लागि वातावरण संरक्षण नियमावली,२०५४ ले निर्दिष्ट गरे बमोजिम १५ दिने सार्वजनिक सूचना प्रकाशन (राष्ट्रिय दैनिक पत्रिकामा) गर्नुका साथै सूचना टाँसको मुचुल्का, छर–छिमेक/संधियारको स्वीकृति सहितको मुचुल्का, सम्बन्धित गा.वि.स. को सिफारिस सहित IEE/EIA प्रतिवेदन सम्बन्धित निकायमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

इ. उद्योगबाट वातावरण तथा जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न ब्रुअरी र डिष्टिलरीको (वोटलिङ सहित) हकमा एकै चाक्लाका न्यूनतम ३ (तीन) हेक्टर र ब्लेण्डिङ्ग/बोटलिङ मात्र गर्ने उद्योगको हकमा एकै चाक्लाका न्यूनतम १ हेक्टर जमिन हुनुपर्नेछ । डिष्टिलरी/ब्लेण्डिङ्ग/बोटलिङ्ग, ब्रुअरी, वाइन, साइडर लगायतका मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग एकै परिसरमा संचालन गर्ने हकमा एकै चक्लाको न्यूनतम ४ (चार) हेक्टर जमिन हुनुपर्नेछ । तर डिष्टिलरी/ब्लेण्डिङ्ग/बोटलिङ्ग, ब्रुअरी, वाइन, साइडर लगायतका मदिराजन्य पदार्थ उत्पादन गर्ने कारखाना भवनहरु छुट्टा छुट्टै हुनु पर्नेछ ।

ई. औद्योगिक क्षेत्रमा मदिरा तथा वियर उत्पादन गर्ने हकमा मदिरा तथा वियर उद्योग स्थापना गर्न ईजाजत प्राप्त ब्यक्ति/संस्थाले ईजाजत प्राप्त गरेको मितिले १ (एक) वर्ष भित्र उद्योगको लागि आवश्यक जग्गा भाडामा लिने सम्बन्धमा औद्योगिक क्षेत्रसँग जग्गा भाडा सम्झौता गरी सक्नुपर्नेछ ।

Common Effulent Treatment Plant भएको औद्योगिक क्षेत्रको हकमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न आवश्यक जमिनको क्षेत्रफल सम्बन्धमा औद्योगिक क्षेत्र व्यस्थापन लिमिटेडको कार्यालयले सिफारीस गरे बमोजिम हुनेछ ।

उ. उद्योग सञ्चालन पूर्व IEE/EIA मा उल्लेखित Mitigation Measures हरु जडान गरे/नगरेको सम्बन्धमा सम्बन्धित विभागबाट स्थलगत निरीक्षण गर्नु/गराउनु पर्नेछ ।

ऊ. उद्योग परिसरमा Greenbelt निर्माण गर्नु पर्नेछ ।

## ३. मदिरा/वियर उद्योगको अनुमति प्रदान गर्ने सम्बन्धमा विशेष व्यवस्था

अ. मदिरा एवं वियर उद्योग स्थापनाको अनुमति प्राप्त गर्न विभागमा आवेदन साथ रु. ५ लाख धरौटी बापत जम्मा गर्नु पर्नेछ । उक्त धरौटी अनुमति प्राप्त नभएमा वा उद्योगको व्यवसायिक उत्पादन शुरु भएको प्रमाण पेश गरे पश्चात मात्र

फिर्ता गरिनेछ। अनुमति प्रदान गर्दा तथा उद्योग दर्ता गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गर्न सकिनेछ।

आ. मदिरा वा वियर उत्पादन गर्न स्थापना भै सकेको उद्योगको उद्देश्य थप/क्षमता वृद्धि अनुमति माग गर्दा आवेदन साथ रु. ३ लाख धरौटी वापत जम्मा गर्नुपर्नेछ। उक्त धरौटी उद्देश्य थप/क्षमता वृद्धिको अनुमति प्राप्त नभएमा वा अनुमति प्रदान गरिएकोमा व्यवसायिक उत्पादन शुरु भएको प्रमाण पेश गरे पश्चात मात्र फिर्ता गरिनेछ। अनुमति प्रदान गर्दा तथाउद्योग दर्ता, उद्देश्य थप/क्षमता बृद्धि गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गर्न सकिनेछ।

इ. व्यक्तिको नाममा इजाजत पत्र प्राप्त गरेको अवस्थामा इजाजत प्राप्त गरेको मितिले ३० दिन भित्र कम्पनी दर्ता गरी सक्नु पर्नेछ। सो कम्पनीमा इजाजत प्राप्त व्यक्तिको न्यूनतम २०% (वीस प्रतिशत) शेयर लगानी हुनु पर्नेछ। निजले सो शेयर इजाजत/अनुमति बापत जम्मा गरेको धरौटी फिर्ता नहुञ्जेल सम्म विक्री गर्न पाउने छैन। धरौटी फिर्ता गर्नु पूर्व निजले कम्पनीको शेयर विक्री गरेको पाइएमा सो कार्य इजाजतको शर्तको प्रतिकूल कार्य गरेको ठह-याई धरौटी जफत गर्नुको साथै औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार थप कारवाही गर्न सकिने छ।

ई. वियर तथा डिष्टिलरी (वोटलिङ समेत) उद्योगको हकमा इजाजत प्राप्त भएको मितिले ३ (तीन) वर्ष भित्र र ब्लेण्डिङ्ग/वोटलिङ प्लाण्ट मात्रको हकमा २ (दुई) वर्ष भित्र उद्योगको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरि सक्नु पर्नेछ।

तर मनासिव माफिकको कारण दर्शाइ इजाजत प्राप्त व्यक्ति, संस्थाबाट निवेदन प्राप्त भएमा विभागले कार्य प्रगतिको मुल्यांकन गरेर इजाजतको म्याद समाप्त भएको मितिले ६/६ महिना गरी थप दुई पटक सम्म म्याद थप गरी दिन सक्नेछ।

उक्त अवधि भित्र पनि उद्योग सञ्चालनमा नआए औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ को प्रकृया पूरा गरी उद्योग खारेजी समेत गर्न सकिने छ।

उ. डिष्टिलरी (वोटलिङ समेत गर्ने उद्योग) को हकमा उद्योगले अनिवार्य रुपमा निम्नानुसार भौतिक संरचनाको व्यवस्था गर्नु पर्नेछ।

(१) मोलासेस (Molasses) प्रयोग गर्ने डिष्टिलरीको हकमा मोलासेस टयांक र Rectified SpiriteTank जमिनको सतह भन्दा माथि राख्नु पर्नेछ। ती ट्यांकहरु Mild Steel वा सो भन्दा उच्च गुणस्तरको वस्तुबाट निर्माण गर्नु पर्नेछ।

(२) Molasses Tank लगायत RS/ENA प्रत्येकको भण्डारण गर्ने क्षमता वार्षिक स्वीकृत क्षमताको आधारमा गणना गर्दा न्यूनतम १ महिनालाई पुग्ने हुनुपर्छ।

(३) उद्योगमा जडान हुने Holding Tank/Blending Tank/DM Water Storage Tank लगायत अन्य पाइप लाइनहरु स्टेनलेस स्टिल ( Stainless Steel ) को हुनु पर्नेछ।

(४) उद्योगको उत्पादनमा प्रयोग हुने पानी Demineralised हुनु पर्नेछ र सो को लागि तद्अनुरुपको यन्त्र–उपकरण जडान भएको हुनु पर्नेछ।

(५) उद्योगमा अनिवार्य रुपमा Washing, Filling, Sealing, Labeling, Machine, तथा Inspection Table जडान गरेको हुनुपर्नेछ।

(६) वोटलिङ प्लाण्ट जडान गरिएको भवनको Side Wall को उचाई न्यूनतम १८ फिट हुनु पर्नेछ।

(७) गुण नियन्त्रण गर्ने प्रयोजनको लागि उपयुक्त प्रयोगशालाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रयोगशालामा न्यूनतम pH Meter, Conductivity Meter, Hydrometer, Turbidity Meter, Color Meter, Alcohol Distillation Equipment तथा Necessary Glasswares लगायतका उपकरण हुनु पर्नेछ । सो प्रयोगशालामा उत्पादन हुने वस्तुको अनुगमन कार्यको लागि उद्योग मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभाग तथा सम्बन्धित गुण नियन्त्रण निकायबाट निरीक्षण गराई सो को प्रतिवेदन नियमित रुपमा सम्बन्धित विभागमा पेश गर्नुपर्नेछ।

(८) मोलासेस बाहेक अन्न तथा विभिन्न प्रकारका Starch Materials प्रयोग गर्न इच्छुक डिष्टिलरीको हकमा निम्नानुसार हुनु पर्नेछ।

- स्वदेशी अन्न प्रयोग गर्ने उद्योगले स्वीकृत क्षमताको अधिकतम १०% मात्र स्वदेशी अन्न प्रयोग गर्न पाउने छन्। थप परिमाण आवश्यक परेमा आयातित अन्न मात्र प्रयोग गर्नुपर्नेछ। तर कनिका वा Broken Grain प्रयोग गर्न भने कुनै नियन्त्रण गरिने छैन।
- Malt लगायत Fruits इत्यादिबाट Rectified Spirit (RS) उत्पादन गर्ने प्रयोजनको राजश्वकार्यालयको पूर्व स्वीकृति लिएर मात्र Pot Steel Plant जडान गरी RS उत्पादन गर्नु पर्नेछ।

(९) उत्पादन प्रविधिको हकमा देहाय बमोजिम हुनुपर्नेछ –

- कच्चापदार्थको रुपमा Molasses प्रयोग गर्ने उद्योगले अनिवार्य रुपमा Patent Still Plant जडान गर्नु पर्नेछ।
- Malt लगायत Fruits इत्यादिबाट Rectified Spirit (RS) उत्पादन गर्ने प्रयोजनको लागि आन्तरिक राजश्व कार्यालयको पूर्व स्वीकृति लिएर मात्र Pot Steel Plant जडान गरी RS उत्पादन गर्नु पर्नेछ।
- Extra Neutral Alcohol (ENA) उत्पादनगर्ने उद्योगले अनिवार्य रुपमा ए Patent Still Plant जडान गर्नु पर्नेछ।

(१०) औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योग तथा प्रस्तुत मापदण्ड लागू हुनु भन्दा पहिले नै संचालनमा रहेका उद्योगहरु बाहेकका उद्योगले आफ्नो (कम्पाउण्ड वाल) पर्खालबाट न्यूनतम १५ फिट जमिन छाडी मात्र फ्याक्ट्री भवन, गोदाम Utility Shed जस्ता भौतिक संरचना निमार्ण गर्नु पर्नेछ। उद्योग परिषरमा Greenbelt समेत निर्माण गर्नु पर्नेछ।

(११) उद्योगले कम्तीमा एक जना अल्कोहल टेक्नोलोजिष्ट वा फूड टेक्नोलोजिष्ट वा माईक्रो वायोलोजिष्ट वा केमिष्टको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नु पर्नेछ।

ऊ. वियर उत्पादन गर्ने उद्योगको हकमा निम्नानुसारको व्यवस्था हुनु पर्नेछ :

१) उत्पादनमा प्रयोग हुने Pipelines हरु अनिवार्य रुपमा Stainless Steel को हुनु पर्नेछ ।

२) गुण नियन्त्रण गर्ने प्रयोजनको लागि उपयुक्त प्रयोगशालाको व्यवस्था गर्नु पर्नेछ । उक्त प्रयोगशालामा न्यूनतम pH Meter, Conductivity Meter, Hydrometer, Turbidity Meter, Color Meter, Alcohol Distillation Equipment, CO2 Pressure Measuring Equipment तथा Necessary Glasswares लगायतका उपकरण हुनु पर्नेछ ।

३) सो प्रयोगशालाको व्यवस्थापन एवं उत्पादन हुने वस्तुको अनुगमन कार्यको लागि उद्योग मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभाग तथा सम्बन्धित गुण नियन्त्रण निकायबाट निरीक्षण गराई सो को प्रतिवेदन नियमित रुपमा सम्बन्धित विभागमा पेश गर्नुपर्नेछ ।

४) औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगहरु बाहेकका उद्योगले आफ्नो कम्पाउण्ड वालबाट न्यूनतम १५ फिट जमिन छाडी मात्र फ्याक्ट्री भवन, गोदाम Utility Shed जस्ता भौतिक संरचना निमार्ण गर्नु पर्नेछ ।

५) उद्योगले कम्तीमा एक जना अल्कोहल टेक्नोलोजिष्ट वा फूड टेक्नोलोजिष्ट वामाईक्रो वायोलोजिष्ट वा केमिष्टको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नु पर्नेछ ।

## ४. अनुमतिपत्रएवं उद्योगदर्ता प्रमाणपत्रमा खुलाउनु पर्ने व्यहोरा

अ) अनुमति प्रदान गरिने पत्रमा शर्तको रुपमा निम्न कुराहरु स्पष्ट उल्लेख गरी जारी गर्नु पर्नेछ ।

- प्रकरण ३ मा उल्लेखित विशेष व्यवस्था/शर्त (उद्योगको प्रकृति अनुसार) खुलाउनु पर्नेछ ।
- उक्त शर्त/व्यवस्था पालना नभएको अवस्थामा हुन सक्ने सम्भावित कारवाही खुलाउनु पर्नेछ ।
- इजाजतपत्रको अवधि सम्बन्धी व्यवस्था र उद्योग दर्ता म्याद सम्बन्धमाआवश्यक सूचना उल्लेख गर्नुपर्नेछ ।

आ) उद्योगदर्ता प्रमाणपत्रमा निम्न व्यहोरा खुलाउनु पर्नेछ ।

- इजाजत प्रदान गर्दाका विशेष शर्त/व्यवस्थाहरु
- प्रकरण २ अनुसारका वातावरणीय शर्तहरु
- धरौटी फिर्ता सम्बन्धीव्यवस्थाf

## ५. इजाजत पत्र खारेज हुने अवस्था

(१) इजाजतपत्र जारी भएको ३० (तीस) दिन सम्म इजाजत पत्र नबुझेमा । सो म्याद गुज्रिएको ७ (सात) दिनभित्र मनासिव माफिकको कारण दर्शाई आवेदन दिएमा सम्बन्धित विभागले थप १ (एक) महिना इजाजतको म्याद थप्न सक्नेछ ।

(२) कम्पनीदर्ता गरी उद्योग दर्ताको लागि आवश्यक जग्गाको व्यवस्था गरेर एवं प्रकरण ३ मा उल्लेखित विशेष व्यवस्था समेतलाई मध्यनजर राख्दै प्रकरण २ मा उल्लेखित प्रक्रिया पूरा गरी ईजाजत प्राप्त भएको १ (एक) वर्ष भित्र सम्बन्धित निकायमाउद्योग दर्ताका लागि रित पूर्वक आवेदन नगरेमा ।

(३) उद्योग स्थापनाको लागि दर्ता गरिएको कम्पनीमा इजाजत प्राप्त व्यक्तिको शेयर अनुपात २०% (वीस प्रतिशत) भन्दा कम भएमा ।

साथै उद्योगले व्यवसायिक उत्पादन शुरु गरेपछि धरौटी फिर्ताको लागि आवेदन गर्नुपर्नेछ । त्यसरी आवेदन नगर्ने शुरु इजाजत प्राप्त व्यक्तिले आफ्नो शेयरको स्वामित्व विक्री गरेको अवस्थामा अनुमति खारेज हुनेछ ।

(४) प्रकरण २ (इ) वा प्रकरण ३ (ई) वा ३ (उ) मा उल्लेखितशर्त अनुरुपको आवश्यक जग्गाको व्यवस्था एवं भौतिक संरचना जडान/स्थापना गरेको नपाइएमा ।

(५) अनुमतिपत्र प्रदान गर्दा तथा उद्योग दर्ताको बखत तोकिएका अन्य शर्तहरुको पालना गरेको नपाइएमा ।

## ६. मदिरा उद्योगमा विदेशी लगानी सम्बन्धमा

(१)४० प्रतिशत V/V मदिरा तथा सो भन्दा कम प्रतिशतको उत्पादन गर्ने उद्योगमा सामान्य तया विदेशी लगानी गर्न नपाइने नीति कायम गर्ने ।

(२)विदेशी ट्रेडमार्क प्रयोग गरी नेपालमा विदेशी ब्राण्डको वा स्वदेशी ट्रेडमार्क नै प्रयोग गरी मदिरा एवं वियर उत्पादन गर्न सामान्यतया उद्योगको खुदनाफाको १०□ % सम्म वा बिक्रीमूल्यको (सरकारी करहरु वाहेक) ६□% सम्म Royalty/Fee को रुपमा दिन सक्नेछ । तर निर्यात गर्ने मदिराको हकमा निर्यात गरेको परिमाणको आधारमा दुई पक्ष बिचको सम्झौता अनुसार Royalty/Fee निर्धारण गर्न सक्नेछ ।

## ७. मदिरा एवं वियर उद्योगको उद्देश्य थप, क्षमता वृद्धि एवं ठाउँसारी सम्बन्धमा

(१) मदिरा एवं वियर उद्योगले उद्देश्य थप एवं क्षमता वृद्धि गर्ने प्रयोजनको लागि समेत प्रकरण १, २, ३, ४, ५ र ६ मा उल्लेखित नयाँ उद्योग सरहका प्रावधान लागु हुनेछ

तर विभागीय प्रचलन अनुरुप विगतमा उद्योग स्थापनार्थ IEE गरिसकेका हकमा उद्देश्य थप एवं क्षमता वृद्धि गर्नु परेमा परिमार्जित IEE प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) विभागले उद्योगको स्थलगत निरिक्षण गरी प्रस्तावित मापदण्ड भन्दा फरक स्थिति विद्यमान भए/नभएको समेत अध्ययन गरी अनुमति प्रदान गर्ने सम्बन्धमा सिफारिश गर्नेछ ।

(३) विद्यमान मदिरा एवं वियर उद्योगले ठाउँसारी गर्न चाहेमा यस मापदण्ड अनुरुपको भौतिक संरचना तथा जमिन हुनुपर्नेछ ।

## ८. विद्यमान संचालनमा रहेका मदिरा एवं वियर उद्योग सम्बन्धमा

- विद्यमान सञ्चालनमा रहेका मदिरा एवं वियर उद्योगहरुले समेत न्युनतम रुपमा प्रकरण ३ को उ, ऊ मा उल्लेखित भौतिक संरचनाको निर्माण अनुमति प्राप्त भएको मितिले दुई वर्ष भित्रमा सम्पन्न गर्नुपर्ने प्रावधान बमोजिम भए नभएको सम्बन्धमा प्रकरण ९ अनुसारको अनुगमन संयन्त्रले अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धीत विभागमा पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदनमा न्युनतम रुपमा प्रकरण ३ उ, ऊ मा उल्लेखित भौतिक संरचनाको निर्माण नभएको उल्लेख गरिएको उद्योगको हकमा आवश्यक कारवाहीका लागि औद्योगिक प्रवर्द्धन बोर्डमा प्रस्ताव पेश गर्ने ।

## ९. अनुगमन संयन्त्र

१. मिति २०६९।३।३ को मन्त्रिपरिषद्, आर्थिक तथापूर्वाधार समितिको निर्णय एवं यस मापदण्डमा उल्लेखित विषयहरु सम्बन्धमा नियमित अनुगमन गर्न निम्नानुसारको संयुक्त अनुगमन टोलीको गठन सम्बन्धित विभागले गर्नेछ ।

उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

(१) अनुगमन शाखाको निर्देशक, उद्योग विभाग, संयोजक

(२) प्रतिनिधि, आन्तरिक राजश्व विभाग, सदस्य

(३) प्रतिनिधि, स्थानीय आन्तरिक राजश्व कार्यालय वा कोष तथा लेखा नियन्त्रण कार्यालय वा करदाता सेवा कार्यालय, सदस्य

(४) महानिर्देशकले तोकेको अधिकृत, उद्योग विभाग, सदस्य सचिव

घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

(१) अनुगमनशाखाको निर्देशक, घरेलु तथा सानाउद्योग विभाग, संयोजक

(२) प्रतिनिधि, आन्तरिक राजश्व विभाग, सदस्य

(३) प्रतिनिधि, स्थानीय आन्तरिक राजश्व कार्यालय/कोष तथा लेखा नियन्त्रण कार्यालय, सदस्य

(४) प्रतिनिधि, सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, सदस्य

(५) महानिर्देशकले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग विभाग, सदस्य सचिव

२. माथि (१) मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछः–

(क) प्रस्तावित मापदण्ड, इजाजत पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे/नगरेको,

(ख) स्वीकृत भन्दा बढी उत्पादन गरे/नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल इत्यादि

(घ) सम्बन्धित विभागले तोके बमोजिमका अन्य विषयहरु

३. अनुगमन टोलीले अनुगमन पश्चात आफ्नो प्रतिवेदन सम्बन्धित विभाग, अर्थ मन्त्रालय तथा उद्योग मन्त्रालयमा प्रस्तुत गर्नेछ ।

## १०. विविध

१०(१) बाधा, अड्काउ फुकाउने सम्बन्धमा

उल्लिखित मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ पर्न आएमा सो बाधा अड्काउ प्रचलित कानून बमोजिम औद्योगिक प्रवर्द्धन बोर्डले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ ।

१०(२) चिनी मिलले मदिरा उत्पादनगर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :

- चिनी मिलले उद्योगको अभिन्न अंगको रुपमा RS/ENA Plant जडान गर्न चाहेमा स्वीकृति प्रदान गर्ने व्यवस्था कायम राख्ने ।
- यस प्रयोजनको लागि समेत अन्य नयाँ उद्योग वा क्षमता वृद्धि/उद्देश्य थप प्रयोजनका लागि तोकिने गरेको व्यवस्था (धरौटी, क्षेत्रफल लगायत अन्य प्राविधिक मापदण्ड) गर्न उपयुक्त हुने ।
- चिनी मिल सञ्चालनमा नआइकन RS/ENA Plant जडान/संचालन गर्न स्वीकृति प्रदान नगर्ने ।
- डिष्टिलरी युनिटलाई आवश्यक पर्ने Molasses मध्ये कम्तीमा ५०% आफ्नै चिनी मिलबाट आपूर्ति हुनुपर्ने ।

१०(३) उद्योग/घरेलु तथा साना उद्योग विभागले नयाँ मदिरा एवं वियर उद्योगको दर्ता वा क्षमता वृद्धि गर्न स्वीकृति प्रदान गरेपछि सो को जानकारी अनिवार्य रुपमा अन्तरिक राजश्वविभाग, काठमाण्डौंलाई दिनुपर्नेछ।

१०(४) डिष्टिलरी (बोटलिङ्ग समेत गर्ने उद्योग)को ईजाजत प्राप्त उद्योगले ब्लेण्डिङ्ग/बोटलिङ्ग मात्र गर्ने गरी उद्देश्य संशोधन गर्न माग गरेमा उद्देश्य संशोधन गर्न सकिनेछ।

१०(५) २०६९।०६।२१ को मापदण्ड स्वीकृत हुनु भन्दा पहिले डिष्टिलरी (बोटलिङ्ग समेत गर्ने उद्योग) को ईजाजत प्राप्त उद्योगले ब्लेण्डिङ्ग/बोटलिङ्ग मात्र गरी मदिरा उत्पादन गरी रहेको हकमा यस मापदण्ड लागु भएको ३ (तीन) वर्ष भित्र यस मापदण्ड अनुरुपको न्यूनतम जग्गा व्यवस्था, भौतिक संरचना निर्माण आदि गरी डिष्टिलरी संचालन नगरेमा ब्लेण्डिङ्ग/बोटलिङ्गको मात्र ईजाजत कायम गरी डिष्टिलरीको ईजाजत पत्र खारेज गर्ने एवम् मिति२०६९।०६।२१ को मापदण्ड स्वीकृत हुनु भन्दा पहिले अनुमति प्राप्त गरी संचालनमा रहेका उद्योगहरुले संचालन भएकै स्थानमा पुँजी तथा क्षमता वृद्धि गर्न चाहेमा प्रकरण २(अ) र ३(इ) मा उल्लेख भएको व्यवस्था लागु नहुने।

१०(६)२०६९।०६।२१ को मापदण्ड स्वीकृत हुनु भन्दापहिले इजाजत पत्र प्राप्त वा उद्योग दर्ता भई हाल सम्म संचालनमा नआएकाको हकमा संचालन म्याद थप, पूँजी वृद्धि, स्थानान्तरण गर्न चाहेमा आगामि ६ (छ) महिनाभित्र प्रस्तुत मापदण्ड अनुरुप गर्ने शर्तमा धरौटी नलिई स्वीकृती प्रदान गर्ने। उक्त समयावधि भित्र पनि नियमित नभएको अवस्थामा इजाजत पत्र स्वत खारेज गर्ने।

२०६९।०६।२१ को मापदण्ड स्वीकृत हुनु पूर्व जारी भएका इजाजत पत्र वा उद्योग दर्ता भई संचालनमा नआएका उद्यागको विवरण सम्बन्धीत निकायहरु (घरेलु तथा साना उद्योग कार्यालयहरु, घरेलु तथा साना उद्योग बिकास समितिका कार्यालयहरु, घरेलु विभाग र उद्योग विभाग) ले औधोगिक प्रवर्द्धन बोर्डको सचिवालमा १ महिना भित्र विवरण पेश गर्ने। सचिवालयले प्राप्त विवरण verify गरि सोको अभिलेख दुरुस्त राख्ने।

१०(७) मिति २०६९।६।२१ को “नयाँ मदिरा तथा वियर उद्योग स्थापनार्थ एवं उद्देश्य थप र क्षमता बृद्धि समेतका लागि अनुमति प्रदान गर्ने” सम्बन्धको मापदण्ड लागू भए पश्चात मदिरा तथा वियर उद्योगको ईजाजत प्राप्त भई हालसम्म उद्योग दर्ता नगरेका ईजाजत प्राप्त व्यक्ति/संस्थालाई यस मापदण्ड लागू भएको ६ (छ) महिना भित्र कम्पनी, संचालक वा लगानीकर्ताको नाममा उद्योगको लागि आवश्यक जमिनको स्वामित्व कायम गरी उद्योग दर्ताका लागि रितपूर्वक आवदेन दिएमा ईजाजत म्याद थप गरी ६ महिना वा इजाजतको अन्तिम मिति मध्ये जुन पछि हुन्छ सो म्याद भित्र व्यवसायिक उत्पादन गरि सक्नुपर्ने गरी उद्योग दर्ता गर्न सकिने छ। यस प्रक्रिया पूरा नगर्ने व्यक्ति/संस्थाको ईजाजत पत्र खारेज हुनेछ।

१०(८) प्रकरण १०(५), १०(६) तथा १०(७) मा रहेको प्रावधान सम्बन्धमा उद्योग विभाग/घरेलु तथा साना उद्योग विभाग/घरेलु तथा साना उद्योग विकास समितिले सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धीत उद्योग तथा इजाजत पत्र बाहकलाई जानकारी गराउनु पर्नेछ।

## २०. माइक्रोब्रुअरीको वर्गीकरण सम्बन्धमा (२०७२-०६-०१/ २१६)

माइक्रोब्रुअरी स्थापना सम्बन्धी विषयको प्रस्तावमा छलफल हुँदा देहाय बमोजिम निर्णय गरियो ।

क) माइक्रोब्रुअरी स्थापना सम्बन्धमा उद्योग विभागबाट तयार गरिएको संशोधन सहितको संलग्न अनूसूची २ बमोजिमको मापदण्ड सिद्धान्ततः स्वीकृत गर्ने ।

ख) यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेन्ट पर्यटन उद्योगको रूपमा वर्गीकरणमा समावेश गर्नको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गर्न नेपाल सरकारलाइ सिफारिस गर्ने ।

ग) वर्गीकरण भएपश्चा त्सो मापदण्डमा उल्लेखित सम्पूर्ण प्रक्रियाहरु पुरा गरी माइक्रोब्रुअरी उद्योग स्थापनाको लागि अनुमति प्रदान गर्न एवम् उद्योग दर्ता गर्न सम्बन्धित विभागलाई अधिकार प्रत्यायोजन गर्ने र सो को जानकारी नियमित रुपमा औद्योगिक प्रवर्द्धन बोर्डमा पेश गर्न सम्बन्धित विभागलाई निर्देशन दिने ।

घ) औं. प्र. बोर्डको मिति २०५४-१-२९ मा वसेको १३२ औं बैठकको निर्णय नं. १ अनुसार उद्योग रहने स्थान (क्षेत्र) सम्बन्धी कार्यनीतिले काठमाण्डौं उपत्यका भित्र तथा काठमाण्डौं उपत्यकाको नगरपालिका र अन्य नगरपालिकाहरुमा स्थापना गर्न नपाउने उद्योगहरुमा Fermentation (Beer) उद्योगहरु समावेश रहेको हुँदा माइक्रोब्रुअरी सहितको रेस्टुरेन्ट उद्योगको हकमा यो व्यवस्था लागू नहुने गरी संशोधन गर्ने ।

ङ) यस्ता उद्योग स्थापना गर्नुपूर्व सम्बन्धित निकायबाट प्रारम्भिक वातावरण परीक्षण (IEE) गर्नुपर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने ।

### अनुसुची-२

### माइक्रोब्रुअरी स्थापना सम्बन्धको मापदण्ड

**(१) परिभाषाः**

(क) माइक्रोब्रुअरी भन्नाले एउटा रेष्टुरेटको अभिन्न अंगको रुपमा वार्षिक २,५०० हेक्टो लिटरभन्दा कम बियर उत्पादन गरी उत्पादन स्थलमै विक्री वितरण गर्ने ब्रुअरीलाई जनाउँदछ ।

(ख) यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेण्टको क्षमता एउटा मात्र रेष्टुरेन्ट भएको हकमा न्यूनतम २० सीट क्षमता हुनुपर्नेछ । यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेन्टले सम्बन्धित निकायबाट मदिरा बिक्री सम्बन्धी इजाजत लिनुपर्नेछ ।

(ग) यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेण्ट पर्यटनमुलक उद्योगको बर्गीकरणमा दर्ता हुनेछ ।

**(२) अनुमति तथा दर्ता प्रक्रियाः**

(क) माइक्रोब्रुअरीसहितको रेष्टुरेन्ट स्थापनाको अनुमति प्रदान गर्दा दुई लाख रुपैया धरौटी वापत जम्मा गर्नुपर्नेछ

(ख) माइक्रोब्रुअरीको अनुमति लिएको ९० दिनभित्र उद्योग दर्ताको लागि आवेदन गर्नुपर्नेछ ।

(ग) माइक्रोब्रुअरीसहितको रेष्टुरेन्ट दर्ता गर्ने क्रममा स्थानिय निकायको सिफारिस लिनुपर्नेछ ।

(घ) माइक्रोब्रुअरीको अनुमति लिएको २ वर्ष भित्र व्यवसायिक उत्पादन गरिसक्नु पर्नेछ । अनुमति प्रदान गर्दा राखेको धरौटी रकम उद्योगले व्यवसायिक उत्पादन सुरु भएको प्रमाण पेश भएमा मात्र फिर्ता गरिनेछ । अन्यथा उक्त धरौटी रकम जफत गरिनेछ ।

(ङ) अनुमति प्राप्त व्यक्तिको नाममा उद्योगले व्यवसायिक उत्पादन नगरेसम्म कम्तिमा २० प्रतिशत शेयर कायम रहेको हुन पर्नेछ ।

(च) Bottling गरी व्यापारिक उत्पादन गर्न पाइने छैन ।

**(३) भौतिक संरचना एव प्राविधिक पक्षः**

(क) माइक्रो ब्रुअरीबाट उत्पादन हुने बियरमा अल्कोहलको मात्रा अधिकतम ७ प्रतिशत सम्म हुनुपर्नेछ।

(ख) माइक्रोब्रुअरीपक्की भवनमा स्थापना हुनु पर्नेछ। कच्चा पदार्थ भण्डारण, उत्पादन क्षेत्र तथा उत्पादित बस्तुको भण्डारण छुट्टा–छुट्टै स्थानमा गरिने व्यवस्था मिलाइएको हुनुपर्नेछ।

(ग) Clean in Process (CIP) Facility तथा प्रयोगशालाको व्यवस्था भएको हुनु पर्नेछ।

(घ) माइक्रोब्रुअरीमा प्रयोग हुने Tank एवं पाइपलाइन स्टेनलेस स्टीलको हुनुपर्नेछ र प्लास्टिकको पाइलाइन प्रयोग गर्नु पर्ने देखिएमा Food Grade का मात्र प्रयोग गर्नुपर्नेछ।

(ङ) माइक्रो ब्रुअरीमा इन्धनका रुपमा Electricity वा LPG मात्रै प्रयोग गर्नुपर्नेछ।

(च) उद्योगले कम्तीमा एकजना अल्कोहल टेक्नोलोजिष्ट वा फूड टेक्नेलोजिष्टको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नुपर्नेछ।

(छ) उत्पादन गर्नुपूर्व नेपाल सरकारको सम्बन्धित निकायबाट तोकिएको वा तोकिने गुणस्तर सम्बन्धी मापदण्ड तथा प्रकिया पुरा गर्नुपर्नेछ।

**(४) वातावरणीय प्रावधान**

(क) माइक्रोब्रुअरी स्थापना पूर्व सम्बन्धित निकायबाट IEE प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ।

(ख) माइक्रोब्रुअरीबाट निस्कासन हुने तरल पदार्थ (Effluent) लाई पूर्णरुपमा Treatment गरी विसर्जन गर्नुपर्नेछ।

(ग) माइक्रोब्रुअरीबाट निस्कासन हुने ठोस पदार्थ (Solid Waste) लाई विसर्जन गर्ने उपयुक्त संयन्त्र अबलम्बन गर्नुपर्नेछ।

(घ) नेपाल सरकारले समय समयमा तोकेका वा तोकिने वातावरणीय मापदण्ड पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

(ङ) उद्योग दर्ता गर्दा सम्बन्धित निकायले माइक्रोब्रुअरीबाट हुने वातावरणीय प्रभाव (Environmental Impact) र त्यसको न्यूनीकरण सम्बन्धी Mitigation Measures पर्याप्त र प्रभावकारी (Adequate and Effective) व्यवस्था हुने गरी प्रस्तावकबाट प्रतिवद्धता सहितको Environmental Mitigation Plan पेश गर्न लगाउनु पर्नेछ।

(च) उद्योग दर्ता गर्दा पेश गरेको Environmental Mitigation Plan शर्तको रुपमा लागू हुने हुनेछ।

**(५) अन्त–शुल्क प्रशासन सम्बन्धी व्यवस्था**

(क) आन्तरिक राजस्व विभागले तोकेको वा उपलब्ध गराएको Software Program बाट मात्र बीजक जारी गर्नुपर्नेछ। उत्पादन वा विक्रेताको बीजक जारी गर्ने सफ्टवेयर र कम्प्युटरमा आन्तरिक राजस्व बिभागले Online Connectivity माध्यमबाट निरन्तर पहुच प्राप्त गर्ने सुविधा उपलब्ध गराउनुपर्नेछ।

(ख) अन्त–शुल्क प्रशासन सम्बन्धी अन्य व्यवस्था आन्तरिक राजस्व विभागबाट तोकिए बमोजिम हुनेछ।

**(६) अनुमति तथा मापदण्ड कार्यान्वयन**

१. यस मापदण्डमा उल्लेखित विषयहरुको सम्बन्धमा नियमित अनुगमन निम्नानुसारको संयुक्त अनुगमन टोलीले गर्नेछ।

उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

(१) महानिर्देशकले तोकेको निर्देशक, उद्योग विभाग, संयोजक

(२) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

(३) महानिर्देशकले तोकेको अधिकृत, उद्योग विभाग, सदस्य सचिव

घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गत कार्यालयमा दर्ता भएका उद्योगहरुको हकमा

(१) महानिर्देशकले तोकेको निर्देशक, घरेलु तथा साना उद्योग विभाग, संयोजक

(२) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

(३) प्रतिनिधि, सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, सदस्य

(४) महानिर्देशकले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग विभाग, सदस्य सचिव

२. माथि (१) मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछ।

(क) प्रस्तावित मापदण्ड, इजाजत पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे/नगरेको,

(ख) स्वीकृत क्षमताभन्दा बढी उत्पादन गरे/नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल (Recovery) उत्पादन तथा बिक्री सम्बन्धी तथ्याङ्क इत्यादिको अवस्था

(घ) सम्बन्धित विभागले तोके बमोजिमका अन्य विषयहरु।

३. अनुगमन टोलीले अनुगमन पश्चात आफ्नो प्रतिवेदन सम्बन्धित विभागहरुमा दिनुपर्नेछ।

**(७) अनुमति पत्र खारेजी, जरिवानाः**

क) तोकिएको मापदण्ड अनुरुप कार्य गरेको नपाइएमा अनुमति पत्र खारेजी एवं औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम कार्यवाही हुनेछ।

**(८) अन्यः**

माइक्रोब्रुअरी उद्योगमा Foreign Direct Investment (FDI) गर्न दिईने छैन।

## २१. अधिकार प्रत्यात्योजन (इट्टा उद्योग सम्बन्धमा) (२०७२-०६-०१/ २१६)

भुसे ईटा उद्योग दर्ता गर्ने म्याद थप गर्ने सम्वन्धी प्रस्तावमा छलफल हुँदा औ. प्र. वोर्डको मिति २०७१।१०।०५ को २१३ औं बैठकको निर्णय अनुसार औद्योगिक प्रवर्द्धन वोर्डबाट गठित कार्यदलले भुसे ईटा भट्टाका सम्वन्धमा तयार गरेको प्रतिवेदन, २०७१ को विकल्प नं. ३ मा उल्लेख गरिएका मापदण्डहरु अनिवार्यरुपमा पालना गर्ने गरी कम्तिमा एक वर्षदेखि सञ्चालनमा रहेका भुसे ईटा उद्योगहरुलाई घरेलु तथा साना उद्योग कार्यालयले स्थलगत निरिक्षण गरी मिति २०७३ माघ मसान्तसम्ममा आधुनिक प्रविधिमा रुपान्तरण हुने गरी मिति २०७३ साल असार मसान्तसम्म भुसे ईटा उद्योग दर्ता गर्ने। सो अवधीसम्ममा दर्ता

हुने भुसे ईटा उद्योगको दर्ता २०७३ साल माघ मसान्तसम्म मात्र कायम रहने छ। २०७३ साल माघ मसान्तसम्ममा पनि आधुनिक प्रविधिमा रुपान्तरण नहुने भुसे ईटा उद्योगहरुको दर्ता खारेज एवं लगत कट्टा गर्ने कार्य सम्वन्धित कार्यालयले तत्कालै गर्ने गराउने व्यवस्था मिलाउन घरेलु तथा साना उद्योग विभागलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

## २२. इट्टा उद्योग सम्बन्धमा (२०७२-०६-०१/ २१६)

क) होफम्यानकिल्न (Hoffman Kiln) प्रविधिको ईट्टा उद्योगलाई Fixed Chimney Kiln ईट्टा उद्योगहरुले पालना गर्नुपर्ने गरी तोकिएका शर्त तथा मापदण्डहरु पालना गर्ने गरी दर्ता गरी सञ्चालन गर्न स्वीकृति दिने।

ख) हाइब्रिड-होफम्यानकिल्न (Hybrid - Hoffman Kiln) प्रविधिको ईट्टा उद्योगलाई अन्य प्रविधिका ईट्टा उद्योगहरुले पालना गर्नुपर्ने गरी तोकिएका निम्न शर्त तथा मापदण्डहरु पालना गर्ने गरी परीक्षणको रुपमा दर्ता गरी सञ्चालन गर्न स्वीकृति दिने। परीक्षणबाट यो प्रविधि उपयुक्त देखिएमा उत्पादन शुरु गरेको दुई वर्षपछि यो प्रविधिलाई पूर्णरुपमा खुला गर्ने।
शर्तहरु

- अन्य प्रविधिका ईट्टा उद्योगहरु Fixed Chimney, Vertical Shaft Brick Kiln (VSBK), Tunnel Kiln , Habla Zig-Zag Kiln ले सरह वातावरण संरक्षण नियमावली अनुसार (IEE/EIA) गर्नुपर्ने।
- वन पैदावारमा आधारित काठ, दाउरा, पतकर र वातावरण प्रदुषण गर्ने टायर आदि प्रयोग गर्न नपाउने।
- ईन्धनकोरुपमा कोइला वा विद्युतको मात्र प्रयोग गर्नुपर्ने।
- जग्गाको स्वामित्व उद्योग वा उद्योगीको नाममा हुनुपर्ने वा कम्तीमा पाँच वर्षको लागि भाडामा लिएको हुनुपर्ने।
- उद्योग घनावस्तीबाट एक कि.मि. टाढा हुनुपर्ने।
- उद्योगले ओगटेको जग्गाको क्षेत्रफल न्यूनतम ४००×४०० वर्ग फीट लम्वाई चौडाई पुग्ने हुनुपर्ने।
- उद्योग रहने क्षेत्रको चौतर्फी साँध, सधियारहरुको सहमति सहित स्थानीय निकायको सिफारिस हुनुपर्ने।
- उद्योग संचालन गर्दा सम्वन्धित जिल्ला वन कार्यालयको सहमति लिएर मात्र उद्योग संचालन गर्नु पर्ने।
- परीक्षण सञ्चालनको क्रममा प्रस्तावकले प्रत्येक छ/छ महिनामा उर्जा खपत, वायु उत्सर्जन गुणस्तर (Air Quality/Air Pollution), उत्पादित ईटाको गुणस्तर र प्रविधि प्रयोग गर्ने जनशक्ति खुलेको हाल स्वीकृत प्रविधिसंगको तुलनात्मक अध्ययन गरिएको र मान्यता प्राप्त संस्थाबाट परीक्षण र प्रमाणित गरिएको प्रतिवेदन उद्योग मन्त्रालय र घरेलु तथा साना उद्योग विभागमा पेश गर्नु पर्नेछ।

## २३. मदिराजन्य पदार्थहरुको विक्रि वितरण अनुगमन सम्वन्धी (२०७३-१०-११।२२१)

मदिराजन्य पदार्थहरु, वियर, वाइन, साइडर जस्ता वस्तुहरु अठार वर्ष भन्दा मुनिका व्यक्तिलाई विक्रिवितरण गर्न नपाइने व्यवस्था मदिराजन्य उद्योग दर्ता गर्दा शर्तको रुपमा राख्ने र यस व्यवस्था कडाइका साथ लागू गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने।

## २४. उत्पादन मिति र उपभोगको अन्तिम मितिको प्रष्टताका सम्वन्धमा (२०७३-१०-११।२२१)

कुनै पनि किसिमका उत्पादनहरुका सम्वन्धमा उत्पादन मिति र उपभोगको अन्तिम मिति स्पष्ट देखिने ठूलो अंक/अक्षरमा उत्पादित वस्तुमा उल्लेख गर्नु पर्ने शर्त उद्योग दर्ता गर्दाको वखत तोक्नु पर्ने।

## २५. वन पैदावारमा आधारित उद्योगहरुको वन दुरी सम्बन्धमा (२०७४-१०-२९/ २२४)

वन पैदावारमा आधारित उद्योग रहने स्थान र वन क्षेत्र विच कायम रहेको विद्यमान दुरी सम्बन्धमा मिति २०७४-०६-२६ गतेको निर्णय तथा वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०७४-०४-१९ को राय अनुसार उच्च एंव मध्य पहाडी क्षेत्रमा ३६ इन्च तथा सो भन्दा बढी साईजको आरा रहने सबै खाले उद्योग (सःमिल समेत ) १.५ कि.मि. दुरीको सट्टामा १ कि.मि. को दुरी साथै चुरे र भित्री मधेशको हकमा राष्ट्रिय निकुञ्ज,बन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्र साविककै ३ (तीन) कि.मी. कायम गर्ने र मध्यवर्ती क्षेत्र बाहिर वन क्षेत्रबाट एक (१) कि.मी. दुरी मात्र कायम राख्ने निर्णय गरियो।

## २६. भुसे इटा उद्योगहरुलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्नका लागि म्याद थप सम्बन्धमा (२०७४-१०-२९/ २२४)

भुसे इटा उद्योगी व्यवसायीहरुको मागलाई सम्बोधन गर्दै भुसे इटा उद्योगको सम्बन्धमा गठित कार्यदलले पेश गरेको प्रविदनमा उल्लेखित सुझावलाई अनिवार्य रुपमा पालना गर्ने शर्तमा भुसे इटा उद्योगहरुलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्ने प्रयोजनार्थ आधुनिक प्रविधिमा रूपान्तरण हुने कार्ययोजना र सम्बन्धित स्थानीय तहको सिफारिस सम्बन्धित उद्योग दर्ता गर्ने निकायमा पेश गर्न लगाई आधुनिक प्रविधिमा रूपान्तरण गर्न अन्तिम १(एक) पटकको लागि निर्णय मितिले १(एक) बर्ष समय सीमा थप गर्ने तथा सो अवधि भित्र आधुनिक प्रविधिमा रूपान्तरण नगर्ने भुसे इटा उद्योगहरूको दर्ता स्वतः खारेज हुने निर्णय गरियो।

## २७. लुम्बिनी क्षेत्र संरक्षणका निम्ति निर्मित बाउण्ड्रीबाट उद्योगस्थलसम्मको दुरी सम्बन्धमा (२०७५-११-२३/२२७)

मिति २०६६।०८।१२ मा बसेको औ.प्र.बोर्डको १९० औं बैठकको निर्णय नं. १ मा लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित बाउण्ड्रीको दक्षिण तर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तर तर्फ बाउण्ड्रीदेखि १५ कि.मि. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ वाँया ८०० मि. भित्र लघु, घरेलु, तथा कुटीर उद्योग वाहेक अन्य नयाँ उद्योग स्थापना गर्न नदिने भनी भएको दुरी सम्बन्धी व्यवस्थामा उल्लेखित दुरी हवाई दुरी वा सडकको दुरी भन्ने स्पष्ट नखुलेकोले खुलाउन साथै उक्त निर्णय हुनुभन्दा अगावै दर्ता भई सञ्चालनमा रहेका उद्योगहरूको सन्दर्भमा अध्ययन गरी उक्त नीतिगत निर्णयमा आवश्यक परिमार्जनको सिफारिस गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव स्तरका प्रतिनिधि रहने गरी कार्यदल गठन गर्ने र सो कार्यदललाई १ (एक) महिना भित्र सुझाव पेश गर्न समय दिने निर्णय गरियो।

## २८. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ प्रारम्भ हुनु अघि लगानी स्वीकृति गराएका विदेशी लगानीकर्ताहरूको सन्दर्भमा देखिएको द्विविधा सहजीकरण गर्ने सम्बन्धमा २०७६-०६-१६/२२८)

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ प्रारम्भ हुनु अघि लगानी स्वीकृति गराएका विदेशी लगानीकर्ताहरूको सन्दर्भमा देखिएको द्विविधा सहजीकरण गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियोः

(क) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ प्रारम्भ हुनु अघि पाँच करोड रूपैया भन्दा कम लगानी स्वीकृत भएका विदेशी लगानीकर्ताहरूले आफ्ना नाममा कायम रहेको शेयर नयाँ विदेशी लगानीकर्तालाई बिक्री गर्न चाहेमा

नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी भित्र्याएको लेखांकन/समर्थन भएको यकिन गरीनिज विदेशी लगानीकर्ताको नाममा कायम रहेको शत प्रतिशत शेयर एउटै नयाँ विदेशी लगानीकर्तालाई मात्र बिक्री गर्न स्वीकृति दिने।

(ख) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायमा यो ऐन प्रारम्भ हुनु अघि स्वीकृति प्राप्त गरेका विदेशी लगानीकर्ताहरूले आफ्नो नाममा रहेको शेयर नयाँ विदेशी लगानीकर्तालाई बिक्रीको लागि निवेदनदिएमा नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी भित्र्याएको लेखांकन/समर्थन भएको यकिन गरीत्यस्तो उद्योग वा व्यवसायको पुँजी वृद्धि, क्षमता वृद्धि र उत्पादन विविधिकरण गर्न नपाउने गरी नयाँ विदेशी लगानीकर्तालाई बिक्री गर्न स्वीकृति दिने।

(ग) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम विदेशी लगानी स्वीकृत भई दर्ता भएका तर हाल विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायको पुँजी वृद्धि, क्षमता वृद्धि र उत्पादन विविधिकरणको स्वीकृति नदिने।

## २९. विदेशी लगानी रहेका उद्योगले नेपाली लगानीकर्तालाई आफ्नो सम्पूर्ण शेयर विक्री गर्दा लेखांकन गर्नुपर्ने सम्बन्धमा(२०७६-९-१४।२२९)

विदेशी लगानी रहेका उद्योगका विदेशी लगानीकर्ताले नेपाली लगानीकर्तालाई आफ्नो सम्पूर्ण शेयर विक्री गर्दा लेखांकन गर्नुपर्ने सम्बन्धमा छलफल हुँदा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ प्रारम्भ हुनु अघि पाँच करोड रुपैयाँ भन्दा कम लगानी स्वीकृत भएका विदेशी लगानीकर्ताले आफ्ना नाममा कायम रहेको शत प्रतिशत शेयर नेपाली लगानीकर्तालाई बिक्री गर्न चाहेमा नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी भित्र्याएको लेखांकन/समर्थन भएको यकिन गरी निज विदेशी लगानीकर्ताको नाममा कायम रहेको शत प्रतिशत शेयर विक्री गर्न स्वीकृति दिने निर्णय गरियो।

## ३०. अनुमति लिनु पर्ने उद्योगको म्याद थप सम्बन्धमा (२०७७-०२-१३।२३०)

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६० को म्याद थप वा पुनः दर्ता सम्बन्धी विशेष व्यवस्था बमोजिम अनुमति लिनुपर्ने उद्योगको हकमा समेत ऐनको व्यवस्था बमोजिम उद्योग दर्ता गर्ने निकायबाटै आवश्यक कारबाही गर्ने।

## ३१. फलफूलमा आधारित मदिरा (वाइन तथा साइडर) उत्पादन गर्ने साना उद्योगको दर्ता गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा(२०७७-४-१३।२३१)

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ८ को उपदफा (१) अन्तर्गतको अनुसुची १ को बुँदा नं. ४ मा बोर्डको अनुमति लिनुपर्ने उद्योग मध्ये फलफूलमा आधारित मदिरा (वाइन तथा साइडर) उत्पादन गर्ने साना उद्योगको दर्ता गर्न अनुमति प्रदान गर्ने र साना उद्योगको सीमा भित्र पूँजी वृद्धि, क्षमता वृद्धि गर्ने अधिकार औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६३ को उपदफा (१) बमोजिम उद्योग विभागका महानिर्देशकलाई प्रत्यायोजन गर्ने।

## ३२. उद्योगको संचालन म्याद सम्बन्धमा (२०७७-०८-१२।२३२)

उद्योग प्रशासनको कार्य सरलीकरण तथा व्यवसायीको सुविधालाई ध्यान दिई औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ९ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित बोर्डले ३ पटक भन्दा बढी अवधिको उद्योगको संचालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद थप गर्न स्वीकृति दिने अधिकार सोही ऐनको दफा ६३ को उपदफा (१) बमोजिम उद्योग विभागका महानिर्देशकलाई प्रत्यायोजन गर्ने।

**३३. सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको पूँजी तथा क्षमता वृद्धि सम्बन्धमा (२०७७-०८-१२।२३२)**

(क) औद्योगिक प्रवर्द्धन बोर्डको २०४ औँ बैठकको निर्णयबाट स्थगन गरिएको सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको पूँजी तथा क्षमता वृद्धि स्वीकृति सम्बन्धी कारबाही अगाडी बढाउने।

(ख) सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योगको पूँजी तथा क्षमता विस्तार गर्दा निम्न बमोजिमका शर्तहरु तोक्ने।

१) सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ अनुसारको मापदण्ड अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ।

२) पूँजी तथा क्षमता वृद्धि गर्नुपूर्व वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा स्वीकृत गराउनु पर्नेछ।

३) उपलब्ध भएसम्म स्वदेशी कच्चा पदार्थको प्रयोग गर्नुपर्नेछ।

४) उद्योगले वार्षिक उत्पादन तथा विक्रीको विवरण उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र आन्तरिक राजस्व विभागमा नियमित रुपमा उपलब्ध गराउनुपर्नेछ।